अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४६ / २०८३ असार १२ गते शुक्रबार / नेपाल सम्वत ११४६ / June 26, 2026 / मूल्य रु. १०/-


## आफू जे छु त्यही ठीक छ भन्ने दम्भमा प्रधानमन्त्री

काठमाडौ । रास्वपाले सत्ताको नेतृत्व गरिरहेको बेला आफ्नो पहिलो महाधिवेशन सम्पन्न गरेको छ । यहि असार ७ गतेदेखि ११ गतेसम्म सम्पन्न भएको महाधिवेशनमा विभिन्न राजनीतिक दलका नेताहरूले महाधिवेशनमा शुभकामना दिएका थिए । रास्वपाको महाधिवेशनमा शुभकामना दिनेहरूमा नेपाली कांग्रेसका सभाति गगन थापा, नेकपा एमालेको नेता प्रदीप ज्ञवाली, नेपाल कम्युनिष्ट पार्टीका नेता वर्षमान पुन, पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई, राप्रपाका राजेन्द्र लिङ्देन, जनता समाजवादीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अधयक्ष सिके राउत थिए भने पुनले नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालको शुभकामना सन्देश पढेर सुनाएका थिए ।

महाविधेशनलाई शुभकामना दिने प्रायः सबै दलका नेताहरूले

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## नक्कली बाढी धेरै टिक्दैन है सरकार

काठमाडौ । संविधानको उल्लंघन गरेर मात्र र सम्वैधानिक निकायमाथि हस्तक्षेप गरेरमात्र देशमा परिवर्तन आउने सभावना न्यून रहेको छ । परिवर्तनका लागि सबैभन्दा पहिला जनताको भावना र चाहना बुझ्नु आवश्यक हुन्छ । जनताले एक पटक दिएको मत बढीमा पाँच वर्षका लागि मात्र हो । २०८२ फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार अहिले त्यही मतलाई देखाएर जनताको अधिकार खोस्न लागि परको जस्तो देखिएको छ । संविधान संशोधनका बहस चलाउन थालिएको छ ।

संविधान संशोधनका लागि आफ्नै सल्लाहकारको

>>> बाँकी ८ पेजमा

## बाढी ल्याएको भन्नुको अर्थ हो, जेनजी आन्दोलन ?

काठमाडौ । गत भाद्र २३ र गते भएको विध्वसात्मक घटनालाई प्रधानमन्त्री बालेन साहले रास्वपाको महाधिवेशनमा आफूहरूले बाढी ल्याएर खोला फर्काएको अभिव्यक्ति दिएका छन् । उनले भने जनताको मत कहिले यता र कहिले उता चल्छ भनेर भनिरहनु भएको छ भन्दै हामी हावाबाट चलेको छैनौँ, हामीले त बाढी ल्याएर खोला फर्काएको हो खोला एकपटक सिधा बाटोमा फर्किएपछि निरन्तर त्यही बाटोमा हिड्छ हावा जस्तो पूर्व पश्चिम उत्तर दक्षिणतर्फ जाँदैन भन्ने अभिव्यक्ति दिएका छन् । सो अभिव्यक्ति प्रधानमन्त्री साहले रास्वपाको पहिला महाधिवेशनको उद्घाटनक्रममा बोल्दै दिएका हुन् । साह रास्वपाका वरिष्ठ नेता समेत रहेका छन् ।

गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई साहले बाढी ल्याएर खोला फर्काएको र एक पटक खोला सिधा हिडेपछि अन्य कतै जाँदैन भन्ने अभिव्यक्ति दिनुको अर्थ

>>> बाँकी ८ पेजमा

# प्रदेश सभा खारेज गर्ने सभापति रवि लामिछानेको प्रस्ताव

### प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री मुलुककै लागि खतरा

देवेन्द्र चुडाल



काठमाडौ । राष्ट्रिय स्वतन्त्र पार्टीको यहि असार ७ गते देखि भएको महाधिवेशनले सभापतिमा रवि लामिछानेलाई निर्विरोध निर्वाचित गरेको छ । रास्वपाले महाधिवेशनमा प्रस्ताव गरको राजनीतिक प्रस्तावमा राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाएर त्यसको अध्यक्षमा उपराष्ट्रपति हुने व्यवस्थामा जानुपर्ने प्रस्ताव पेश गरेको छ । सो प्रस्तावमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री हुनुपर्ने पक्षमा समेत रास्वपा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

बालेन सरकारले संविधान संशोधनका लागि प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा कार्यदल बनाएर छलफल गरिरहेको बेला सभापति लामिछानेले तयार पारेको प्रतिवेदनमा रास्वपा स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारी सहितको प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा रहेको छ भनिएका छ । तर संविधान संशोधन कुनै दलको घोषणा नभई राष्ट्रको साझा दस्तावेज भएको उल्लेख गर्दै संशोधन राष्ट्रको दिर्घकालिन आवश्यकता, जनताको अनुभव र लोकतान्त्रिक अभ्यासबाट निर्देशित होस् भन्ने चाहना रास्वपाको भएको लामिछानेले बताएका छन् ।

रास्वपाको विचार के हो ? भन्ने प्रश्नको उत्तर दिँदै सभापति लामिछानेले हामी परम्परागत वापमन्थी वा दक्षिणपन्थी होइनौँ र जानीबुझी त्यो राजनीतिक ध्रुवीकरणमा सिमित छैनौँ । हामी व्यवहारिक विधिसम्मत आवश्यकता तथा यथार्थतामा आधारित दृष्टिकोणलाई प्राथमिकता दिन्छौँ भन्ने उल्लेख गरिएको छ । रास्वपाको दस्तावेजमा जे उल्लेख गरिएपनि व्यवहारमा अहिले रास्वपा नेतृत्वको बालेन सरकारमा त्यस्तो सोँच र व्यवहार देखिएको छैन । रास्वपाको प्रतिवेदनका मुख्य बुँदा नै विरोधाभास रहेको छन् । विपक्षी दलहरूलाई रास्वपाले सहयोगी दलका रूपमा लिन सकेको उसको व्यवहारबाट देखिँदैन । विपक्षी दलका शिर्ष नेता र अन्य नेताहरूलाई रातारात पक्राउ गर्नु विपक्षी दलहरूप्रति प्रतिशोधपूर्ण व्यवहार गर्नु, प्रमाणविना नै नेताहरूलाई पक्राउ गरेपछि मात्र प्रमाण खोज्नु जस्ता कार्यले रास्वपालाई विपक्षी दलहरूले अहिलेकै अवस्थामा पुऱ्याउन सक्ने वातावरण बनेको देखिँदैन ।

>>> बाँकी ८ पेजमा

## सरकारी गाडीको दुरुपयोग स्वकीय सचिवहरूलाई गाडी सुविधा

काठमाडौ । प्रधानमन्त्री बालेन साह र उनको मन्त्रिमण्डलका स्वकीय सचिव, सविचहरु विवादको घेरामा परेका छन् । प्रधानमन्त्री साहका मुख्य स्वकिय सचिव सुभाष शर्मा कर छलीको गम्भीर आरोपमा मुछिएका छन् । शंखमूलस्थित चियादानीका स्याङ्जाली मालिक शर्मा करोडौँ कर छलीमा जोडिएको भन्दै आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरमा उजुरी परेको बताइएको छ । पहिला नै प्रदेशमा बसिसकेका भुपाल बराल, सहविच पार्वती शर्मा, नीता अर्याललाई दोहोऱ्याएर प्रदेशमा खटाउने निर्णयलाई २१ दिनमै प्रदेश सरूवा उल्टाएर संघमा फर्किएका शोभाकान्त पौडेललाई संरक्षण दिने र वर्षदिन देखि गयल भएका सहसचिव नरेन्द्र कुमार राना (बहुविवाहका आरोप) खेपिरहेकालाई कारबाहीबाट जोगाएको आरोप शर्मामाथि लागेको छ ।

सरकारले सहसचिव भन्दा तलका कर्मचारीले चढ्दै आएको ४७५ वटा चारपांग्रे गाडी प्रधानमन्त्री र मन्त्रीहरूका सचिवालयका कर्मचीहरूलाई दिएको छ । मन्त्रीहरूको स्वकीय सचिवहरूले समेत सरकारी गाडी प्रयोग गरिरहेका छन् भने अन्य गाडीहरु कहाँ छन् भन्ने पत्ता लाग्न सकेको छैन ।

पञ्जीकरण विभागका तत्कालिन महानिर्देशक नमराज घिमिरे अन्यन्त्र सरूवा भएपछि उनले चढिरहेका ६५३ नम्वरको अत्याधुनिक र महंगो

>>> बाँकी ८ पेजमा

## बाढी ल्याएर खोला फर्काएको भन्नुको अर्थ के ?



काठमाडौ । प्रधानमन्त्री बालेन साहले रास्वपाको महाधिवेशनलाई सम्बोधन गर्दै आफूहरूले बाढी ल्याएर खोला फर्काएको अभिव्यक्ति दिएका छन् । बालेन रास्वपाका वरिष्ठ नेता समेत हुन् । रास्वपाले गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको छ । झण्डै दुई तिहाई मत र बहुमतको भ्यालु भनेको बराबर हो । बहमुत ल्याएको दलले सरकार निर्माणमा अरू कुनै दलको सहयोग र समर्थन लिनुपर्ने बाध्यता रहँदैन तर झण्डै दुई तिहाई मत पाएको भएपनि उसले एक्लै संविधान संशोधन गर्न सक्दैन । संविधान संशोधनका लागि प्रतिनिधिसभा र राष्ट्रियसभामा समेत दुई तिहाई मतको आवश्यकता हुन्छ । रास्वपाका राष्ट्रियसभामा उपस्थिति शुन्य रहेको छ ।

निर्वाचनको बेला प्रधानमन्त्री साहले भने झैँ बाढी ल्याएर खोला फर्काएकालाई अर्कै अर्थमा जनताको मत बटुल्न सकेपनि उसले जनताको मन जित्न सकेको छैन । बाढी ल्याउने कार्यमा रास्वपाका नेता कार्यकर्ताहरु र स्कुले विद्यार्थी भाइबैनीहरूलाई ढाल बनाएर रास्वपा लगायतका केही व्यक्तिहरूले आफ्नो स्वार्थ पुरा गरेका छन् । भाद्र २३ गतेको

>>> बाँकी ८ पेजमा

## बालेन सरकार संसद, देश र जनताप्रति जिम्मेवार देखिएन !




काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको छ । दुई तिहाई नजिक रहेको रास्वपाका वरिष्ठ नेता रहेका बालेन साहको नेतृत्वमा गत चैत्र १३ गते सरकार गठन गरेको थियो । रास्वपाले गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते मुलुकभरमै भएको विध्वसात्मक कार्यका राम्रो फाइदा उठाएको छ ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा खेपिरहेका थिए । त्यही विषयलाई लिएर रास्वपा निर्वाचनमा गएकोले र भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनमा भएको घटनालाई लिएर रास्वपाले तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई आफूमाथि सरकारले प्रतिशोध लिएको आरोप रास्वपाकै सभापति लामिछानेले लगाउँदै आएका थिए ।

लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेको विषयमा मुद्दा चलिरहेकाले उनी पुर्पक्षका लागि जेलमा रहेका थिए तर उनलाई भाद्र २३ गतेको विरोध प्रदर्शनमा सहभागि भएका रास्वपा कै नेता तथा कार्यकर्ताहरूले जेलमुक्त गरेका थिए । आफू जेलमुक्त भएपछि लामिछानेले तत्कालिन केपी ओली नेतृत्वको सरकारले प्रतिशोध लिएको भन्दै जनतासामू गएका र भाद्र २३ र २४ गते मुलुकभरमै भएको घटनाको फाइदा रास्वपाले उठाएको छ । भाद्र २३ गतेको विरोध प्रदर्शनमा

>>> बाँकी ८ पेजमा

## फिफाले नेपालमाथि लगायो प्रतिबन्ध

काठमाडौं । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले नेपालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको छ ।

एन्फाको आन्तरिक मामिलामा तेस्रो पक्ष (सरकार)ले अनावश्यक हस्तक्षेप गरेको निष्कर्ष निकाल्दै फिफाले नेपाल फुटबल संघ (एन्फा)माथि प्रतिबन्ध लगाउने निर्णय गरेको हो । फिफाले आफ्ना सदस्य संघहरु पूर्ण रूपमा स्वायत्त हुनुपर्ने र त्यसमा सरकारी वा राजनीतिक हस्तक्षेप नहुने प्रावधानलाई कडाइका साथ पालना गराउँदै आएको छ ।

नेपाली फुटबल इतिहासमा फिफाले प्रतिबन्ध लगाएको यो पहिलोपटक हो । फिफाको यो निर्णयले नेपाली फुटबललाई अन्तर्राष्ट्रिय मञ्चबाट अलग गरिदिएको छ ।

फिफाका अनुसार अब प्रतिबन्ध रहुञ्जेल

>>> बाँकी ८ पेजमा

# Welfare -oriented Federal Budget

**Muhammad Zahid Rifat**

As and when the largest coalition government at the national level headed by Prime Minister Muhammad Shehbaz Sharif starts preparations for presenting another budget to the nation, the International Monetary Fund (IMF) immediately gets involved in this budget making process from start till end Nothing at all is included in the federal budget without the approval of the IMF. As such it was pertinent to dilate on Pakistan-IMF relations first and then discuss the Federal Budget 2026-27, which was the third presentation of the incumbent federal government

The IMF was founded in December 1945 apparently after the end of the Second World War and has its headquarters in Washington DC. USA. It has 191 member countries. While 191 nations participate in the institution and its global economic tracking, any member experiencing balance of payments issues is eligible to become a beneficiary of its loans, financial assistance and technical support.


Pakistan had officially joined the IMF on 11 July 1950. Since its joining the IMF, Pakistan has sought IMF financial assistance a total of 25 times. As such, Pakistan and the IMF share a long standing relationship of financial support and economic reforms which have since evolved into a 37-month Extended Fund Facility (EFF) of approximately US $ 7 billion. The programme, which is due to end next year, strictly focuses on maintaining fiscal discipline, broadening the tax-base, and restructuring state--owned enterprises. The relationship has been marked by cyclical dependencies with Pakistan seeking financial bailout to stabilize foreign exchange reserves and prevent sovereign default. The IMF office in Islamabad actively monitors ongoing progress.

June is the last month of an outgoing financial year. As such, the federal and provincial budgets have to be presented, discussed, approved by the respective national and provincial legislatures before midnight of June 30 as the very next day, July 1, a new financial year gets underway.

The Federal Budget, with an outlay of Rs 18.77 trillion for financial year 2026-27, was presented in the National Assembly on June 12 by Federal Finance Minister Senator Muhammad Auangzeb and is in the final stages of its approval by the national legislature.

Broadly, defence spending has been increased in view of India's continued hostilities and aggressive designs, the federal Public Sector Development Programme has been squeezed to Rs 1000 billion to meet the IMF goals, and the growth rate target has been fixed at just 4 percent.

During the financial year 2026-27, the federal government will be transferring Rs 8.8 trillion to the four provinces under the National Finance Commission. Contrary to all expectations, the 11th NFC, set up in August 2025 failed to finalize its recommendations, and the 7th NFC Award has been extended by another year.



The salaries and pensions of the serving and retired government servant have been increased by only 7 percent without taking into consideration of upward trends in the cost of living, minimum wages have been raised by 10 percent, income tax rates for the salaried class have been reduced across all four tax slabs, surcharge on the salaried class has been abolished, imported vehicles above 3000cc cars and luxury electric vehicles have been taxed, and all sorts of subsidies have been cut by 5.7 percent.

The federal government's main tax collecting and revenue generation agency, the Federal Board of Revenue (FBR), has been tasked to collect Rs 15.26 trillion. Rs 150 billion will be collected through new or increased taxes. Another big chunk of Rs 5.34 trillion will be raised as non-tax revenue. mainly from petroleum and climate levies among others. The bulk of non-tax revenue of Rs 1.73 trillion will be generated. through petroleum levies.

The federal government through the new budget intends to borrow Rs $ 23.38 billion from bilateral and multilateral sources, foreign commercial banks, bilateral deposit and Naya Pakistan besides the IMF in varying figures.

During the financial year 2026-27, the federal government will be transferring Rs 8.8 trillion to the four provinces under the National Finance Commission. Contrary to all expectations, the 11th NFC, set up in August 2025 failed to finalize its recommendations, and the 7th NFC Award has been extended by another year. President Mamnoon Hussain had ordered to amend the Distribution of Revenues and Grants-in-Aid Order 2010 and it had come into force from 1 July 2015 and was accordingly being extended from year to year since then in the absence of any new NFC Award for over ten years.

The federal government has announced a number of welfare and relief measures and initiatives in its budget for next financial year. These measures and initiatives were both realistic and unrealistic. The meagre seven percent increase in the salaries and pensions of the serving and retired public servants was quite unrealistic.

The huge increase in the salaries of those treading the corridors of powers in the federal and provincial capitals some months ago was still fresh in the memories of many people. While the serving government servants enjoy a number of privileges and perks such as residential and conveyance facilities, the majority of retired public servants lack these facilities

As the federal budget is still in the final stages of approval, the PM is requested to at least upwardly revise the pension increase for retired public servants by around 20 percent if not more than. It is just unfair to treat the serving and retired government at the same level.

# पोखरा औद्योगिक क्षेत्रका ८५% उद्योगले तिरे भाडा बक्यौता

काठमाडौं । पोखरा औद्योगिक क्षेत्रका विद्युत् बक्यौता रहेका उद्योगहरूको लाइन काट्न सुरू गरेसँगै ७१ मध्ये ६५ उद्योगले रकम भुक्तानी गरेका छन् । औद्योगिक क्षेत्रभित्र जमिनसँगै भवन बहाल, विद्युत् र पानी महसुल गरी ७१ उद्योगले ०७५ सालदेखिको बक्यौता रकम तिर्न आनाकानी गर्दै आएका थिए ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले ३ असारदेखि विद्युत् लाइन काट्न सुरू गरेपछि उद्योगीहरूले तिर्नुपर्ने बक्यौता तिर्न सुरू गरेका हुन् । ३ र ४ असारमा गरी ५० उद्योगले आफूले तिर्नुपर्ने रकम तिर्न सुरू गरेपछि उनीहरूको लाइन काटेको थिएन भने रकम नतिर्ने २१ उद्योगको लाइन काटिएको थियो । २१ उद्योगमध्ये ४ वटाले रकम नतिरेका कारण काटिएको लाइन हालसम्म जोडिएको छैन् । अन्य तीन उद्योगले किस्तामा रकम बुझाउने भनेपछि उनीहरूको लाइन जोडिएको छ ।

लिमिटेड पोखराका कार्यालय प्रमुख रमेशराज नेपालका अनुसार ७१ उद्योगको जमिन भाडा चार करोड १५ लाख सात हजार पाँच सय ३३, भवन बहाल ९२ हजार दुई सय ७०, विद्युत् महसुल १६ लाख ५७ हजार आठ सय ९५ र पानी महसुल ३१ हजार सात सय ४० गरी कुल चार करोड ४१ लाख १९ हजार आठ सय ७२ रूपैयाँ बक्यौता बाँकी थियो । लाइन काट्न सुरू गरेपछि ८५ प्रतिशत उद्योगले तीर्नुपर्ने बक्यौता बुझाएको र अब ५१ लाख मात्र उठ्न बाँकी रहेको उनले जानकारी दिए ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सञ्चालक समितिको मंसिर ०७५ मा बसेको बैठकले देशभरका १० औद्योगिक क्षेत्रको जमिन भाडा वृद्धि गरेको थियो । पोखरा औद्योगिक क्षेत्रभित्रको जमिनको भाडा आठ हजार तीन सय ३१ रूपैयाँ रहेकोमा वृद्धिपछि प्रतिरोपनी प्रतिवर्ष ५४ हजार कायम गरियो । भाडा अत्यधिक वृद्धि भएको भन्दै व्यवसायीले देशभर त्यसको विरोध गरेका थिए । व्यवसायीको विरोधपछि उद्योग मन्त्रालयको निर्देशनअनुसार लिमिटेडले भाडा वृद्धि स्थगित गरेको थियो । तर, २२ असार ०७९ मा लिमिटेड सञ्चालक समितिले ०७५ मा वृद्धि भएको भाडा लागू गर्न देशभरका औद्योगिक क्षेत्रहरूलाई पत्र पठाएको थियो । सोहीउनुसार व्यवसायीलाई पुरानो र नयाँ भाडाबिचको रकम ०७५ सालदेखि तिर्न पत्र गएपछि पोखराका व्यवसायी अदालत गएका थिए ।

व्यवसायीको रिटपछि उच्च अदालत पोखराले भाडा पुनरवलकोन गर्न आदेश दिएसँगै लिमिटेड सञ्चालक समितिले ०८१ मा पोखराका लागि १८ हजार पाँच सय प्रतिवर्ष प्रतिरोपनी भाडा र प्रत्येक वर्ष पाँच प्रतिशतका दरले वृद्धि निर्णय गऱ्यो । ०७५ देखि सोहीअनुसार भाडा कायम गरेको र बाँकी रकम उठाउने निर्णय गरेको थियो ।

निर्णयपछि व्यवसायी ०८१ देखि मात्र नयाँ भाडा तिर्ने र त्यसअघिको नतिर्ने भन्दै उच्च अदालत गए । अदालतले उनीहरूको निवेदन खारेज गरेपछि उद्योगीहरु सर्वोच्च गएका थिए, तर सर्वोच्चले यस सम्बन्धमा कुनै प्रक्रिया अघि नबढाएपछि लिमिटेड सञ्चालक समितिले बक्यौता रकम बुझाउन २५ जेठमा सातदिने सूचना जारी गऱ्यो । सूचनामा बक्यौता रकम दाखिला नभएमा कारबाही प्रक्रिया अगाडि बढाउने उल्लेख छ । पटक-पटक पत्राचार गरी महसुल बुझाउन ताकेता गर्दासमेत अटेरीसँगै सातदिने सूचनाको म्याद सकिँदासमेत कोही पनि रकम तिर्न नगएपछि लाइन काट्न सुरू गरिएको नेपालले बताए । लाइन काट्न सुरु गरेपछि पोखराका ८५ प्रतिशत उद्योगले तिर्नुपर्ने बक्यौता रकम बुझाएको उनले जानकारी दिए ।

७१ उद्योगमध्ये चार उद्योगले कुनै पनि रकम नबुझाएपछि ती उद्योगको लाइन जडान नगरिएको नेपालले बताए । विनीत मेटल उद्योग, पन्थी इन्ड्रस्टिज, प्रजु रेलिङ मिल्स, ग्लोबल केवल उद्योगले बक्यौता रकम नतिरेका कारण लाइन जडान नगरिएको उनले बताए ।

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**


- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

Abhiyan weekly_2083_Ashar_12.indd 2 6/25/2026 4:19:15 PM

# संविधान र संसद अन्ध, राजनीतिक दुर्गन्ध



• राजन कार्की
rajan2012karki@yahoo.com

संविधान र संसद अन्ध, राजनीतिक दुर्गन्ध । नेपालको राजनीतिक परिदृश्य यही हो । जबसम्म संविधानमा सुधार हुन्न, संसदमा सुधार हुनसक्दैन, राजनीति जनताप्रति जवाफदेही पनि बन्दैन, दुर्गन्ध फैलिरहन्छ ।

नेपालको राजनीति र महाभारतमा अन्धाधृतराष्ट्रको शासनकाल र कौरव पाण्डववीचको मतभिन्नता उस्तै उस्तै लाग्छ । हुन त भदौ २३ र २४ गते ठूलै बिद्रोह भयो । त्यो बिद्रोहको बिद्रुप तस्वीर मन मनबाट मेटिन नपाउँदै सडकदेखि संसदसम्म अनेक बिद्रोहका स्वरूपहरु देखिन थालेका छन् ।

सुध्रेनन, न पुराना सुधारिए, न नयाँ शक्ति भनेर उदाएकाहरु सुधारिन सके । रास्वपाको पहिलो महाधिवेशनको गाईजात्रा चितवनबाट लाइभ देखियो । परिवर्तनकारी शक्ति भनिएकाहरूले पनि खुट्टा लरबराउन थालेका छन् । संशय अनेक उठेका छन्, संशयको निदान भइसकेको छैन । हुन त नयाँ हुन्, केही समयको परीक्षापछि स्पष्ट होला, यिनले देश थामिखान, चलाईखान सक्छन् कि सक्दैनन् ? जनताले परिवर्तन चाहे, नवयुवाले परिवर्तन ल्याए । यसलाई जनजीवनको साँचोमा ढाल्न नसक्ने हो भने अमेरिका भन्दा जेठो देश भत्किनसक्छ । त्यसै पनि भूराजनीतिको गोलचक्करमा नेपाल फसिसकेको छ ।

राजनीति समाज परिवर्तन गर्नका लागि हो । यसैले राजनीतिलाई उच्चकोटीको समाजसेवा पनि भन्ने गरिन्छ । राजनीति भनेको हरेक विवादको निकास हो । संविधान भनेको विधि र प्रक्रिया हो । अनुशासन हो । झगडामात्र गर्ने राजनीति र विधि र प्रक्रिया निर्धारित गर्न नसक्ने संविधान हुनु र नहुनुको कुनै अर्थ छैन । यहीकारण हो, २०६३ साल वैशाख ११ गते मरेको संसद ब्यूँताइयो, यही भूतले २०६५ साल जेठ १५ गते राजतन्त्रको बली खायो, राजतन्त्र समाप्त पार्‍यो । सबै समस्याको जड पहिले पञ्चायत, पछि राजतन्त्र हो भनियो, राजनीति र संविधानले कुनै हल निकाल्न सकेन । अहिले आएर स्पष्ट भयो, समस्याको जड त नेतृत्वको नीति, सिद्धान्त, निष्ठा, नैतिकहीनता पो रहेछ ।

सामान्य गल्ती हुँदा बेलायतका प्रधानमन्त्री स्टारमरले राजीनामा दिएका छन् । ६ वर्षमा ५ सरकार बनिसक्यो, छैठौं सरकार बन्दैछ बेलायतमा । त्यहाँका सबै सरकार लोकलज्जा र नैतिकता देखाएर ढलेका हुन् । नेपालमा ३७ वर्षको बहुदल, लोकतन्त्र, गणतन्त्र कालमा ३४ सरकार बनिसक्यो । यी सबै सरकारहरु लोभ, स्वार्थ, भ्रष्टाचार, अपराधिकरण भएकाले परिवर्तन भएका हुन् । नेपाली राजनीतिमा सिद्धान्त, नीति, नैतिकता भनेको त स्यालको सिङ हराएजस्तो हराईसक्यो । जुन देशमा लोकप्रतिको जिम्मेवारी र लोकलज्जा हुन्छ, त्यो देशमा संविधान नै चाहिन्न । जस्तो बेलायत । त्यहाँ लोकलज्जा र लोकतन्त्रप्रति जवाफदेहिता छ ।

नेपालमा लोकतन्त्र छ, लोकलज्जा छैन, जवाफदेहिता पनि छैन । अब हुन्छ कि भनेर आश लगाएको हो, यो परिवर्तनले कस्तो सुशासन वा कुशासन स्थापित गर्छ, त्यो समयले बताउला ।

स्वार्थ सर्वोपरि ठान्ने र राजनीतिलाई मौजा सम्झने नेताहरूकै कारण हो, अराजक स्थितिको सिर्जना हुनपुग्यो । जसरी पनि चुनाव जित्ने र सत्ताको माध्यमबाट दोहन गर्ने, भाग शान्ति जय नेपाल गर्ने, सेटिङमा शासन चलाउने प्रवृत्ति यसरी बढ्यो कि नेपालले आजको दुर्दिनबाट गुज्रनु परेको छ । राजनीति र जनतावीचको विश्वासको संकट डरलाग्दोसँग बढेपछि जनताले गत फागुन २१ को चुनावमा मौन बिद्रोह गरेका हुन् । स्थिति यस्तो छ कि जनताको सरकारप्रति विश्वास छैन । प्रतिपक्षी विश्वासिलो हुनसकेको छैन । अदालतप्रति जनता निराश छन् । नागरि निराशालाई वर्तमान कालखण्डमा प्रतिपक्षीहरु मलजल गरिरहेका छन् । लोकतन्त्रमा यस प्रकारको छाडातन्त्र हावी भएको छ । यो धुमिल राजनीतिक वातावरण स्वच्छ पार्ने जिम्मेवारी रास्वपा र सरकारको हो । त्यसको प्रयास गरेजस्तो देखिन्छ, परिणाम आइसकेको छैन ।

प्रतिपक्षी दलहरु हुन्– नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी), श्रम संस्कृति र राप्रपा । कांग्रेस पार्टीभित्र भयानक नेतृत्वको भयानक बादबिबादमा उल्झिएको छ । एमालेका अध्यक्ष केपी ओली विश्राम लिने र पूर्वराष्ट्रपति तथा एमाले नेतृ विद्या भण्डारीलाई सकृय पार्न थालेको देखिन्छ । माओवादी पन्छाएर कम्युनिष्टका टुक्राटाक्री बटुलेर जोडजोड बनेको नेकपा झल्याकझुलुक मात्र देखिन्छ । राप्रपाभित्र पनि नेतृत्व विवादले टुटफुट हुनथालेको छ । रह्यो, श्रम संस्कृति पार्टी र अध्यक्ष हर्क साम्पाङ् मपाइत्वले आफै अग्लिदै र आफै झर्दै जाँदो छ । रह्यो, पूर्ण बहुमतमा रहेको सत्तारूढ रास्वपा पार्टी, सुशासनको लागि यसरी लागि परेको छ कि ०४६ सालपछिका सत्तासीनहरूको सम्पत्ति छानबिन थालेपछि सम्पूर्ण शक्ति एकातिर, रास्वपा अर्कोतिर हुनपुगेको छ ।

यस्तो स्थितिमा पनि रास्वपाले सफलता पायो भने, त्यो आश्चर्य हुनेछ ।

राजनीतिले थाँती रहेका सबैखाले राजनीतिक मुद्दाहरूको निकास दिने माध्यम हो, राजनीति आफैमा गुजुल्टिन पुगेको छ । सत्तारूढ र प्रतिपक्षीहरु अझै पनि एकदोस्रालाई खुइल्याउन लागिपरेको देख्दा लाग्छ– नेपाल बन्दैन, बनाउन खोज्नेले पनि बनाउन सक्दैन । पुरानाले भएन भनेर जनताले नयाँलाई रोजे, नयाँहरु पनि राजनीतिक खोरियामा हराउने खतरा बढ्दै गएको छ । पुरानाहरु हामीलाई तर्साउने, घिसार्ने, रगताम्मे पार्ने, मुद्दामा फसाउने भनेर नयाँमाथि जाइलागेका छन् । नयाँहरु काम गरून् कि जाइलाग्नेमाथि आइलागुन ? नेपालको राजनीति बाँदरनाचजस्तो बन्नपुगेको छ । हिजो आफूले चलाएको निरंकूशता नदेख्ने, परिवर्तन दिन्छु भनेर आएकहरूलाई निर□ूशता लाद्न थालेको आरोप लगाएर, यस्तालाई फालिन्छ फालिन्छ भन्न थालेका छन् । राजनीति फेरि पनि अराजकता र अस्थिरताको सिकार बन्न थालेको छ ।

सुकुम्वासी समस्या, सहकारी समस्या र भ्रष्टाचारको जरो नउखेली सुशासन आउनसक्ने र यो परिवर्तनकारी सरकारमाथि जनविश्वास स्थापित हुनसक्दैन । सामाजिक सञ्जालको भरमा बसेको विश्वास अथवा माया जुनसुकैबेला टुट्नसक्छ । जनताको पीडा संवोधन गरेर न्याय दिन सकेमात्र त्यो पार्टीले पाएको जनादेश स्थिर हुने हो । कतै अर्को महाविपद नआओस् भन्नकै लागि जनता भनिरहेका छन्– परिवर्तनकारी नयाँ शक्तिलाई असफल हुने छुट छैन ।

यतिबेला नेपालमा सबैभन्दा अलोकप्रिय भनेकै संघीय लोकतान्त्रिक गणतन्त्र छ, यसका स्थापित नेताहरु छन् । संविधान संशोधनको माध्यमबाट सुधार गर्न सके र परम्परागत राजनीतिक शक्तिलाई पनि स्थान दिनसके यो सरकारले देशमा राजनीतिक स्थिरता कायम गराउन सक्नेछ ।

विप्लव, बैद्यले पटक पटक भनिसकेका छन्– देश संकटमा छ । देश बचाउन सकिन्छ, राजनीतिक शक्तिहरूको एकताले । राजतन्त्र पनि राजनीतिक शक्ति हो, राजतन्त्रलाई पनि साथ लिनुपर्छ । जोसँग जनताको साथ छ, त्यो राजनीतिक शक्ति हो । त्यस्तो राजनीतिक शक्ति बिना जनता बाँच्न सक्दैनन्, राष्ट्र बाँच्न सक्दैन । अब निषेध र विभेद, प्रतिषोध लिनु भनेको देशलाई संकटमा पार्ने दुस्साहस हुनेछ ।

रास्वपाको महाधिवेशन स्थल चितवनको सभामा पुगेरै राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेनले भनिसकेका छन्, राजावादीले राप्रपालाई भोट नदिएर बालेनले राजा ल्याउँछ भनेर घण्टीमा भोट दिएका छन् । ती जनताको भावनाको कदर हुनुपर्छ । अन्य मधेशवादी दलका नेताहरूले पनि आफ्ना भोटरले आफूलाई भोट नदिएर घण्टीमा भोट दिएका छन् । त्यो जनभार रास्वपाले उठाउनुपर्छ, जनअपेक्षा पूरा गर्नुपर्छ । त्यो जनभरोसा तोड्ने हक छैन रास्वपालाई । लोकतन्त्रमा आज कुनै शक्ति लोकप्रिय छ भने त्यो राजतन्त्रवादी शक्ति हो । त्यो शक्तिलाई किनारा लगाएर लोकतन्त्र नेपालमा सफल हुनसक्दैन भन्ने रास्वपाले बुझ्नैपर्नेछ ।

अबको आशा भनेको रास्वपा र रास्वपाले गर्ने सामुहिक प्रयत्नको हो । सामुहिक प्रयत्नका लागि सबै शक्तिहरूलाई एकीकृत पार्न सकिएन भने विश्वकै ५ जेठोमध्येको राष्ट्र नेपाल अस्तित्वको संकटमा पर्ने निश्चित छ ।कम्तिमा यो यथार्थ प्रम बालेन साहले बुझेकै हुनुपर्छ । संविधान र संसद अन्ध, राजनीतिक दुर्गन्ध बोकेर देशको सुगन्ध फैलिन सक्दैन । चेत रहोस् ।




Abhiyan weekly_2083_Ashar_12.indd 3 6/25/2026 4:19:16 PM

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री नै उपर्युक्त, संविधान संशोधनमा हेक्का पुऱ्याऔं

*विभिन्न समयमा जनताले बलिदानीपूर्ण संघर्ष तथा जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक प्रणालीलाई थप उन्नत, उदार र जनताप्रति उत्तरदायी एवं समावेशी प्रणालीका रुपमा विकसित गर्दै समुन्नत र समाजको आवश्यकता नै आजको आवश्यकता हो। कुनैपनि बहाना बनाएर लोकतान्त्रिक प्रणाली र अधिकारमाथि संविधानलाई संकुचित बनाउने कार्यमा राजनीतिक दलहरू लागे भने त्यस्तो कार्य जनताको लागि स्वीकार्य हुन सक्दैन। अहिले प्रधानमन्त्री बालेन साह सरकारले संविधान संशोधन गर्ने उदेश्यले प्रधानमन्त्री साहका सल्लाहकार असिम शाहको नेतृत्वमा कार्यदल गठन गरेपछि संविधान संशोधनका एजेण्डाका बारेमा बहस सुरु भएको छ। बालेन सरकारले संविधान संशोधनका केही एजेण्डा पनि सार्वजनिक गरेपछि राजनीतिक बृत्तमा तरङ उत्पन्न भएको छ। संविधान निर्माण गरिएको एक दशक भएपछि संविधानमा संशोधनको आवश्यकता प्रायः सबै राजनीतिक दलहरूले गरेका छन्। तर अहिलेसम्म राजनीतिक दलहरूले आ आफ्नो एजेण्डा सार्वजनिक गरेका छैनन्। संविधान निर्माण क्रममा महत्वपूर्ण भूमिका खेलेको नेपाली कांग्रेसले उपसभापति पुष्पा भुसालको नेतृत्वमा संविधान संशोधन अध्ययन तथा सुझाव समिति गठन गरेको छ भने सो कार्यदलले गृहकार्य समेत सुरु गरिसकेको छ। नेपाली कांग्रेसले क्षेत्राधिकारको कुरा उठाएर सरकारी कार्यदलमा सहभागिता जनाएको छैन भने नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी र अन्य दलहरू सरकारी कार्यदलमा सहभागि भएपनि सो सरकारी कार्यदलले हालसम्म ठोस दृष्टिकोण सार्वजनिक गर्न सकेको छैन।*

*सरकारी प्रस्ताव अनुसार प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री पूर्ण सभानुपातिक संसद, सांसद, मन्त्री बन्न नपाउने, संघीय प्रणालीको पुनः संरचना गर्दै गैरदलीय स्थानीय तह बालेन सरकारका प्रमुख प्राथमिकता हुन्। रास्वपाको बाचापत्र अनुसार सरकारले एजेण्डा तयार गरेको प्रष्ट रुपमै देखिन्छ। रास्वपाले गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएका र उसले निर्वाचन अघि नै आफ्नो वाचापत्र सार्वजनिक गरेकाले रास्वपाको नेतृत्वको बालेन सरकारले त्यही वाचापत्रनुसार संविधान संशोधन गर्ने मनसाय राखेका जस्तो देखिन्छ तर रास्वपा एक्लैले संविधान संशोधन गर्न सक्ने सम्भावना देखिँदैन/रहँदैन। संविधान संशोधनका लागि संसदमा दुई तिहाई मतको आवश्यकता हुन्छ। प्रतिनिधिसभामा रास्वपाका १ सय ८२ सांसद रहेपनि राष्ट्रिय सभामा रास्वपाको उपस्थिति शून्य रहेको हुनाले राष्ट्रिय सभामा संविधान संशोधनका लागि कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीका सहयोग अनिवार्य रहेको छ। राष्ट्रिय सभामा ५९ सांसद रहेकोमा अहिले २ सांसद पद रिक्त रहेको छ भने अध्यक्षले मतदानमा भाग लिन पाउँदैन बराबरी मत नभएसम्म।*

*रास्वपाले प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक एकै ठाउँमा राखेर दुई तिहाई मत पुऱ्याउने खेल खेल्न सक्छ। कांग्रेस, एमाले र नेपाल कम्युनिष्ट पार्टीले सहयोग नगरेसम्म संविधान संशोधन हुन सक्ने सम्भावना नरहेकाले गर्दा पहिले समय रास्वपा केही लचक देखिएपनि बालेन सरकारका काम कारबाहीबाट राजनीतिक दलहरू असन्तुष्ट गरेका छन्। प्रधानमन्त्री साहले संसदप्रति देखाएको व्यवहारले गर्दा अन्य राजनीतिक दलहरू रुष्ट बन्दै गएका छन्। संसदमा उपस्थित भएका छ दलहरू मध्येका रास्वपा बाहेकका अन्य दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रपतिले समेत बालेन सरकारका काम कारबाहीप्रति असन्तुष्टि जनाउँदै आएका हुनाले बालेन सरकारले चाहेजस्तो संविधान संशोधन हुन सक्ने सम्भावना देखिँदैन। प्रधानमन्त्री बालेन साह संसदप्रति अनुदार रहेको जस्तो देखिएको छ। साह संसदप्रति जिम्मेवार बन्न सकेका छैनन् भने आफैँलाई प्रधानमन्त्री बनाउने संस्थाप्रति उनी उत्तरदायी जवाफदेही नभएकाले गर्दा रास्वपाले चाहेजस्तो प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था खतरनाक हुन सक्ने सम्भावना प्रधानमन्त्री साहको व्यवहारले नै देखाएको हुनाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री होइन संसदबाटै निर्वाचित कार्यकारी प्रधानमन्त्री नै उपर्युक्त हुन सक्छ।*

*संघीयता खारेजी पनि समस्याको समाधान हुन सक्दैन। प्रदेश सरकारहरू सानो र जनताप्रति जिम्मेवार हुनुपर्दछ। संघीयताको विकल्प भनेको थप विकसित संघीयता नै हो। संघीयतालाई जवाफदेही र जिम्मेवा बनाएको खण्डमा त्यसको प्रत्यक्ष फाइदा जनताले लिन सक्छन्। प्रदेश सरकारहरू प्रदेशको जनसंख्या हेरेर बढीमा ८ र घटीमा ५ जनाको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था संविधानमा नै हुनु आवश्यक छ। संघमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भएको खण्डमा त्यस्तो प्रधानमन्त्री तानाशाही बनेर जनताका अधिकार खोस्न सक्ने सम्भावनालाई उदाहरणका रुपमा बालेन सरकारलाई नै लिन सकिने भएकाले गर्दा कुनै पनि सर्तमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री मुलुकको लागि दुर्भाग्य सावित हुन सक्ने भएकाले सबै राजनीतिक दलहरूले संसदबाटै निर्वाचित कार्यकारी प्रधानमन्त्रीकै पक्षमा आवाज उठाएर अहिलेकै व्यवस्थामा केही सुधार गर्न सक्नुपर्ने टड्कारो आवश्यकता हामीले देखेका छौं। त्यसैले गर्दा मुलुकलाई थप संकटमा पर्ने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री व्यवस्था गर्ने प्रयास गरिनु मुलुकका लागि दुर्भाग्य हुने हामीले ठानेका छौं।*

# कस्ता नेता खोज्छन् जनता ?

डा. राजेन्द्र चापागाईं

विश्व राजनीतिमा पछिल्ला वर्षमा राजनीतिक नेतृत्व छनोटको प्रकृतिमा एक प्रकारको परिवर्तन देखिएको छ । पहिले असामान्य, नाटकीय वा अनिश्चित ठानिएका नेता आज विभिन्न देशमा विजयी बन्दै परम्परागत राजनीतिक मान्यतालाई चुनौती दिइरहेका छन् । यद्यपि, यस्तो नेतृत्व आकस्मिक देखिए पनि यसको जरो जनअसन्तुष्टि, कमजोर आर्थिक अवस्था र बदलिँदो राजनीतिक संस्कृतिमा निहित छ ।

राजनीतिक इतिहासका निर्णायक मोडमा युवाको भूमिका महत्वपूर्ण रहँदै आएको छ । युवामा नयाँ सोच, जोखिम लिन सक्ने क्षमता र स्थापित संरचनालाई चुनौती दिने साहस हुन्छ । जब उनीहरूले बेरोजगारी, असमानता, भ्रष्टाचार र कुशासनको कठोर यथार्थ भोग्छन्, उनीहरूमा निराशा र आक्रोश विकसित हुन्छ । त्यसैले, उनीहरु परम्परागत मन्दगतिको राजनीतिभन्दा छिटो र ठोस समाधान दिने नेतृत्वतर्फ आकर्षित हुन्छन् । उनीहरूको निराशा देशको संरचनात्मक असमानता, अवसरको अभाव र नेतृत्वको अक्षमतासँग जोडिएको हुन्छ । अन्ततः सञ्चित असन्तोष आक्रोशमा रूपान्तरण हुन्छ र परिवर्तनको वाचा गर्ने वैकल्पिक नेतृत्वप्रति आकर्षण स्वाभाविक रूपमा बढ्छ ।

मनोविज्ञान र सिद्धान्त : जनताले आफ्नो भविष्यप्रति अनिश्चितता र असुरक्षा अनुभव गर्न थाले भने उनीहरु अन्य विकल्प खोज्न थाल्छन् । कहिलेकाहीँ जोखिमपूर्ण निर्णय लिन तयार हुन्छन् । अमेरिकन मनोवैज्ञानिक जोन डलार्ड र निल मिलरको 'फ्रस्ट्रेसन-एग्रेसन' सिद्धान्तअनुसार जब अपेक्षा र यथार्थबिच ठुलो अन्तर हुन्छ, तब निराशा उत्पन्न हुन्छ र यही निराशा अन्ततः आक्रोशमा रूपान्तरण हुन्छ । लियोनार्ड बर्कोविट्जले यसलाई परिमार्जन गर्दै 'कग्निटिभ नियोएसोसिएसन' सिद्धान्तमा भन्छन्– निराशा सीधै आक्रामकतामा परिणत हुँदैन, यसले पहिले क्रोध उत्पन्न गराउँछ र त्यसपछि मात्र आक्रामक व्यवहार देखा पर्छ । नकारात्मक अनुभवले आक्रोशसँग सम्बन्धित विचार स्वतः सक्रिय गराउँछन् ।

टेड रोबर्ट गारको 'रिलेटिभ डेप्रिभेसन' सिद्धान्तअनुसार असन्तुष्टि केवल अभाव वा गरिबी मात्र होइन, अपेक्षा र प्राप्तिबिचको अन्तरबाट उत्पन्न हुन्छ । जब राजनीतिक दलहरूले ठुला सपना देखाएर जनतामा अपेक्षा जगाउँछन् । तर, सत्ता पाएपछि आफ्ना वाचा पूरा गर्न असफल हुन्छन्, तब अपेक्षा र प्राप्तिबिच ठुलो खाडल सिर्जना हुन्छ । यसले जनतामा ठगिएको अनुभूति र गहिरो निराशा जन्माउँछ, जुन क्रमशः आक्रोशमा बदलिन्छ । यही आक्रोशले विद्रोही र उग्र राजनीतिक प्रवृत्तिलाई जन्म दिन्छ । विशेषतः युवाहरु अपेक्षा र वास्तविकताबिचको दूरी घटाउने प्रतिबद्धता गर्ने वैकल्पिक नेतृत्वतर्फ आकर्षित हुन्छन् ।

सिग्मन्ड फ्रायडको मनोविश्लेषणमा यो प्रक्रियालाई 'रिप्रेस्ड डिजायर'सँग जोड्न सकिन्छ । मान्छेका असन्तुष्टि र अपूरा इच्छाहरु चेतनाको तहभन्दा तल दबिएर बस्छन्, तर पूर्ण रूपमा हराउँदैनन् । यी रिप्रेस्ड डिजायर अर्थात् दमित चाहनाले बाहिर निस्कने बाटो खोजिरहेका हुन्छन् । उपयुक्त अवसर पाउँदा यी दमित चाहना उनीहरूको व्यवहार, प्रतिक्रिया वा सामाजिक, राजनीतिक आक्रोशका रूपमा प्रकट हुन्छन् । त्यसैले, निराश जनताले उग्र र विद्रोही नेतृत्व रोज्नु केवल भावनात्मक अभिव्यक्ति होइन, बरू सामाजिक, आर्थिक र मनोवैज्ञानिक यथार्थसँग गहिरो रूपमा जोडिएको विश्लेषण हो । आर्थिक, राजनीतिक र सामाजिक निराशाको संयोजनले युवालाई उग्र, नयाँ र 'आउटसाइडर' नेतृत्वप्रति आकर्षित बनाउँछ ।

अर्जेन्टिनाको मिलेई मोडल र विश्व प्रवृत्ति : सन् २०२३ मा अर्जेन्टिनाको राजनीतिमा नामै नसुनिएका युवा नेता जाभियर मिलेई देशका दुई प्रमुख राजनीतिक दललाई पराजित गर्दै कुल मतमा ५५ प्रतिशत मत प्राप्त गरी राष्ट्रपति निर्वाचित भए । २९ वर्षमुनिका सबैजसो युवाले उनलाई मतदान गरेका थिए । जिंग्रिंग कपाल, भद्दा ड्रेस, सन्काहा शैली र विवादास्पद अभिव्यक्तिबाट उनी युवाबिच परिचित थिए । मूलधार सञ्चार माध्यमले उनलाई 'म्याड म्यान' भने पनि उनी आफूलाई 'अराजक पुँजीवादी' भन्थे । उनी परम्परागत राजनीतिका विरोधी उम्मेदवार थिए ।

जब मिलेई राष्ट्रपति दौडमा प्रवेश गरे, त्यतिवेला अर्जेन्टिना बेरोजगारी, महँगी, तीव्र मुद्रास्फीति, मुद्रा अस्थिरता र व्यापक जनअसन्तोषसँग जुधिरहेको थियो । विश्वकै उच्च मुद्रास्फीति (१३८%), २०१७ मा २५% रहेको गरिबी २०२३ मा ४० % पुगेको, २०१२ देखि लगातार आर्थिक मन्दी भएको वेला जनतामा निराशा र आक्रोश चुलिएको थियो । परम्परागत राजनीतिक दल दिगो आर्थिक समाधान दिन असफल भएका थिए । निराश जनता कट्टर वैकल्पिक नयाँ नेताको खोजीमा थिए । त्यही वेला मिलेई वैकल्पिक नयाँ नेताका रूपमा उदाए । उनको नाटकीय चुनावी अभियान, सम्झौताविहीन भाषण र आक्रामक शैलीले परम्परागत राजनीतिबाट असन्तुष्ट जनसमूहलाई आकर्षित गऱ्यो । उनले आफूलाई भ्रष्ट राजनीतिक संरचना भत्काउने नेताका रूपमा प्रस्तुत गरे । अर्थतन्त्रलाई डलराइज गर्ने, केन्द्रीय बैंक खारेज गर्ने, सरकारी खर्च घटाउने, महँगी नियन्त्रण गर्ने, अनावश्यक मन्त्रालय खारेज गर्नेजस्ता उनका प्रस्ताव केवल नीतिगत सुझाव मात्र नभई राज्यको भूमिकालाई पुनः परिभाषित गर्ने वैचारिक अभिव्यक्ति पनि थिए । यस अर्थमा उनको विजय केवल व्यक्तिगत उपलब्धि नभई आर्थिक क्रोधको सामूहिक अभिव्यक्ति थियो ।

मिलेईको उदय केवल एक पृथक् घटना होइन, यो त अमेरिकाका डोनाल्ड ट्रम्प, ब्राजिलका बोल्सोनारो, टर्कीका एर्डोगन, भेनेजुयलाका ह्युगो चाभेज, फिलिपिन्सका रोड्रिगो डुतेर्ते, युक्रेनका भ्लोदिमिर जेलेन्स्कीजस्ता नेताको उदयलाई समेट्ने एक व्यापक विश्वव्यापी प्रवृत्तिको हिस्सा हो । यी सबै नेता फरक-फरक राष्ट्रिय सन्दर्भबाट उदाएका भए पनि उनीहरूको उदयका कारण मतदातामा मनोवैज्ञानिक असन्तोष, आर्थिक संकट, संस्थागत अविश्वास, पपुलिस्ट उग्र नारा र पछि सामाजिक सञ्जालको प्रचुर चुनावी प्रयोगजस्ता आधार देखिन्छन् । इतिहासले देखाएको छ कि जब समाजमा असन्तोष र निराशा चरम बिन्दुमा पुग्छ, तब राजनीतिमा उग्र र 'करिस्म्याटिक' नेताहरु उदाउँछन् । निराश जनता समाधान र परिवर्तनको वाचा गर्ने कठोर नेतातर्फ आकर्षित हुन्छन् । जर्मनीमा हिटलर र इटलीमा मुसोलिनीको उदय यस सन्दर्भमा सबैभन्दा चर्चित उदाहरण हुन् ।

आशा, निराशा र आक्रोश, नेपाल सन्दर्भ : नेपालको राजनीतिक इतिहास पनि निराशा र आशाको द्वन्द्वले भरिएको छ । ०४६ को जनआन्दोलनबाट प्रजातन्त्रको र ०६२/६३ को आन्दोलनबाट गणतन्त्र स्थापना भए । व्यवस्थाका नाम परिवर्तन गरिए तर जनताको अवस्थामा परिवर्तन गर्न सकिएन ।

नेताका चुनावी भाषणमा देशले विकासको छलाङ मार्ने, देश सिंगापुर बन्ने, चुलाचुलामा ग्यास पाइपलाइन पुग्ने, पूर्व-पश्चिम रेलदेखि ट्रान्सहिमालयन रेल, ठाउँठाउँमा ट्रेन स्टेसन, काठमाडौंमा मेट्रो, शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने, रोजगारी सिर्जना गर्ने, कीर्तिपुरको डाँडामा बसेर युवाले मासिक चार-पाँच लाख कमाउनेजस्ता ठुल्ठुला आश्वासन, सपना, स्वैरकल्पना बाँडियो, तर ती कागज र बोलीमा मात्र सीमित रहे । जनतामा अपेक्षा मात्र जगाइयो, परन्तु यथार्थमा केही पनि गरिएन । जनतामा अपेक्षा र यथार्थबिच ठुलो खाडल सिर्जना भयो । दलहरू गुटबन्दी, गठबन्धन राजनीति, सत्ताको भागबन्डा र आन्तरिक संघर्षमा व्यस्त रहे । पछिल्लो समयमा नीतिगत भ्रष्टाचारसमेत हुन थाल्यो, नेतृत्वले भ्रष्टाचारीलाई कारबाहीको सट्टा संरक्षण दिएको आरोप लाग्यो । यहाँसम्म कि न्यायालयसमेत दलीय छायामा पर्दै गए । दशकौँसम्म तिनै अनुहारको सत्तामा आलोपालो मेचघुमाइले जनतामा परिवर्तनको आशा क्रमशः निराशामा रूपान्तरित हुँदै गयो ।

डलार्ड/मिलर र रोबर्ट गारले भनेजस्तै अपेक्षा र यथार्थ प्राप्तिबिचको ठुलो अन्तरले जनतामा अत्यधिक निराशा उत्पन्न गरायो । निराशाले जनतामा आक्रोशको जन्म दियो । यही आक्रोशले परम्परागत दलप्रति घृणा बढायो । जनताको अपेक्षा र प्राप्तिबिचको खाडल पुर्ने वाचा गर्ने आक्रामक, कट्टर, विद्रोही नेता वा नयाँ दलप्रति आकर्षण बढ्न थाल्यो । राजनीतिक अस्थिरता, बेरोजगारी, भ्रष्टाचार, नेपो-बेबी संस्कृति, अवसरको असमानता, सुस्त विकास र युवा मसल/ब्रेनको वैदेशिक पलायन आदिले युवामा गहिरो निराशा सिर्जना गऱ्यो । यस निराशाले उनीहरूलाई परम्परागत दलभन्दा बाहिरका वैकल्पिक नेतृत्वतर्फ आकर्षित गरेको हो । रेमिट्यान्समा निर्भर अर्थतन्त्रले युवालाई 'देशमा सम्भावना छैन' भन्ने धारणा बलियो बनायो । देशभित्रै केही गर्न सकिन्छ भन्ने विश्वास कमजोर बनायो ।

यही पृष्ठभूमिमा युवाको मनोभाव बुझ्दै नयाँ राजनीतिक शक्ति उदाए । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौंका मेयर बालेन्द्र शाहको उदय भयो । यी दुवैको नेतृत्व परम्परागत राजनीतिक संरचनाभन्दा बाहिरबाट आएका हुन् । उनीहरूले युवाको असन्तुष्टि र आक्रोशलाई संगठित गर्दै युवापुस्तामा ठुलो आशा र आकर्षण पैदा गराए । युवा नेता लामिछाने र शाहलाई परम्परागत शैली तोड्ने र भ्रष्टाचारविरोधी नेताका रूपमा हेरियो । उनीहरूले परिणाममुखी र परिवर्तनमुखी नेतृत्वको वाचा गरे । गत २१ फागुनको निर्वाचनमा रास्वपाले करिब दुईतिहाइ ऐतिहासिक जनमत प्राप्त गऱ्यो । यो परिणाम जनतामा सञ्चित निराशा र आक्रोशको प्रत्यक्ष अभिव्यक्ति हो ।

समापन : आक्रामक, विद्रोही वा उग्र नेतृत्वको उदय आकस्मिक होइन, यो सामाजिक, आर्थिक र राजनीतिक निराशा तथा अविश्वासको समष्टिगत परिणाम हो । जब परम्परागत शक्तिहरूले जनताको आवश्यकता र आकांक्षाअनुसार आफ्ना वाचा पूरा गर्न सक्दैनन्, तब अपेक्षा र यथार्थबिचको दूरी बढ्छ, र यही दूरीले जनतामा निराशा र आक्रोश जन्माउँछ ।

डिजिटल युगका युवा विश्वसँग प्रत्यक्ष रूपमा जोडिएका छन् र समान स्रोतसाधन भएका देशको प्रगति, सुशासन र रोजगारी सिर्जनासँग आफूलाई तुलना गर्छन् । तर, आफ्नै देशमा भ्रष्टाचार, स्रोतको दुरूपयोग, दलगत स्वार्थ र राजनीतिक अस्थिरता देख्दा उनीहरूमा गहिरो निराशा उत्पन्न हुन्छ, जुन क्रमशः आक्रोशमा रूपान्तरण हुन्छ । यही कारणले परम्परागत दलप्रतिको विश्वास कमजोर हुँदै उनीहरु वैकल्पिक, करिस्म्याटिक प्रायः उग्र 'आउटसाइडर' नेतृत्वतर्फ आकर्षित हुन्छन् । सैद्धान्तिक रूपमा फ्रस्ट्रेसन-एग्रेसन, रिलेटिभ डेप्रिभेसनजस्ता अवधारणाले यस प्रवृत्तिलाई स्पष्ट रूपमा व्याख्या गर्छन् ।

विश्वका विभिन्न देशमा देखिएको उग्र नेतृत्वको उदय पनि यही प्रक्रियाको परिणाम हो । नेपालमा पनि दशकौँदेखिको राजनीतिक अस्थिरता, भ्रष्टाचार, पुराना दलका दम्भ, दलगत स्वार्थ र अपूरा वाचाहरूले जनमानसमा गहिरो वितृष्णा सिर्जना गरेको छ । यही वितृष्णाले नयाँ र विद्रोही नेतृत्वप्रति आकर्षण बढाएको छ । तर, उग्र र आक्रामक नेतृत्वको लोकप्रियता दीर्घकालीन स्थायित्वको सुनिश्चितता होइन । दिगो समाधानका लागि भावनात्मक आवेगभन्दा स्पष्ट नीति, सुशासन, उत्तरदायित्व र संस्थागत सुदृढीकरण आवश्यक हुन्छ । अन्यथा, निराशा र आक्रोशको चक्र दोहोरिरहनेछ र राजनीति अस्थिरतामा फसिरहनेछ । *–नयाँ पत्रिका*

Abhiyan weekly_2083_Ashar_12.indd 4 6/25/2026 4:19:16 PM

# रास्वपा महाधिवेशनका राजनीतिक सन्दर्भ

किशोर नेपाल

जेन-जी विद्रोहको परिणामका रूपमा सम्पन्न भएको निर्वाचनमा बहुमत ल्याएर सरकार बनाउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीले चितवनमा आफ्नो पहिलो महाधिवेशनको 'भव्य' आयोजना गरेको छ । यसका लागि पार्टीका अध्यक्ष रवि लामिछानेलाई बधाई दिनुपर्छ । जसले जे भने पनि, रास्वपाको परिकल्पना र निर्माण गर्ने, यसलाई हुर्काउने र सत्तारोहण गराउने व्यक्तित्व लामिछाने नै हुन् । यसका लागि उनीसँग सहमत भए पनि र नभए पनि उनलाई बधाई दिनै पर्छ । पार्टी निर्माणको क्रममा उनले राम्रा-नराम्रा र असल-खराव अनेकन काम गरेका होलान् । तर, मुद्दा-मामिलाका अनेक जन्जाल छिमल्दै उनी पार्टी निर्माणमा सफल भए । त्यसका लागि उनले कतिपय सही र गलत सम्झौता पक्कै गरे होलान् । त्यो विषय आफ्नै ठाउँमा छ । निकट अतीतका घटना र दुर्घटनाबाट उनी विचलित भएनन् । नेपाली कांग्रेसका विद्वान नेता सीके प्रसाईं भन्नुहुन्थ्यो- 'राजनीतिमा कोही कसैको स्थायी मित्र वा शत्रु हुँदैनन् ।' रविले यो यथार्थको अवलम्वन गरे । समकालीन राजनीतिको परिचालनका लागि 'नभै नहुने' आर्थिक स्रोत जुटाउन उनले निकै बठ्याईं गरे । निकै कष्ट सहे । उप-प्रधानमन्त्री पनि भए । अन्ततः संगठित राजनीतिक दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी अस्तित्वमा आयो । रविको महत्त्वाकांक्षा साकार भयो ।

जेन-जी विद्रोहको परिणामस्वरूप सम्पन्न भएको निर्वाचनमा देशका प्रखर राजनीतिक बिश्लेषकहरु राष्ट्रिय स्वतन्त्र पार्टीको अहिलेको विजयको श्रेय वालेन्द्र शाहलाई दिन चाहन्छन् । वालेन्द्रको चमत्कारिक ब्यक्तित्वको उपस्थिति नभएको भए रास्वपाको पक्षमा यति 'वृहत' जनमत देखिने थिएन । तर, यो सांकेतिक विषय हो । रास्वपा नभएको भए वालेन्द्र एक्लैले चुनाव जित्ने र जिताउने कुरै थिएन । नेपाली निर्वाचनलाई नजीकबाट हेरेर निष्कर्षमा पुग्ने निर्वाचन बिशेषज्ञहरूको संख्या निकै ठूलो छ । उनीहरूले रास्वपा अध्यक्ष रवि र बरिष्ठ नेता वालेन्द्रबीचको समन्वयलाई यसरी नै हेरेको पाइन्छ ।

यो सत्य हो, सम्पन्न निर्वाचनको केन्द्रविन्दूमा वालेन्द्र शाह थिए । उनको ब्यक्तित्वलाई रास्वपाका कार्यकर्ता र समर्थकहरूले चम्काएका थिए । अध्यक्ष रवि लामिछाने चुनावी अभियानमा त्यति सक्रिय देखिएका थिएनन् । चुनाव जित्न वालेन्द्र शाहको 'नामै काफी छ' भन्नेमा उनी ढुक्क थिए । नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीहरूप्रति जनताको बढ्दो उद्विग्नताका बारेमा रवि र उनका सहयोगीहरु बिश्वस्त थिए । रास्वपाले वालेन्द्रलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा उभ्याउनुको तात्पर्य यही थियो । वालेन्द्रलाई प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि बढाउने रास्वपको निर्णय रणनीतिक थियो । यो रणनीति रास्वपा नेताहरूको कूटनीतिक कौशलको परिणाम मात्रै थिएन । सम्पन्न निर्वाचनका बारेमा चर्चा-परिचर्चाहरु अहिले पनि जारी नै छन् ।

जेन-जी आन्दोलनका नाममा भएको गत बर्ष भदौ २४ को विध्वंशले निम्त्याएको सम्पन्न निर्वाचनको स्पष्ट र समीचिन ब्याख्या अहिलेसम्म हुन सकेको छैन । जेन-जी आन्दोलनको परिणामका रूपमा आएको चुनाव सुरक्षा निकायबाट परिचालित रहेको आशंका अहिले पनि यथावत छ । नेपाली जनताको बढी चासो लोकतान्त्रिक अभ्यासमा भन्दा सुशासनमा रहेका भाष्यहरु खडा गर्न थालिएको छ ।

प्रधानमन्त्रीका रूपमा वालेन्द्र शाहको प्रस्तुति पनि नेपालको संविधानको मर्यादा अनुकूल देखिएका छैनन् । प्रधानमन्त्रीले नव-निर्वाचित संसद्को मान र मर्यादा राखेका पनि छैनन् । संसद्मा उनी अत्यन्त चन्चल देखिएका छन् भने सरकारमा पनि उनी सानो समूहमा सीमित देखिन थालेका छन् । प्रधानमन्त्रीका रूपमा वालेन्द्रका ब्यबहारका बारेमा संसद्मा छलफल हुनुपर्ने हो । त्यो हुन सकेको छैन । स्वयं रास्वपाका लागि यो राम्रो संकेत मान्न सकिदैन ।

चुनावमा वहुमत पाउने वित्तिकै राजनीतिक दलहरूले संवैधानिक र संसदीय मर्यादाहरूको उल्लंघन गर्नु भनेको उच्छृंखल ब्यबहार हो । रास्वपा क्रान्तिको माध्यमबाट सत्तामा आएको पार्टी होइन । यो कुरामा रास्वपा अध्यक्ष र प्रधानमन्त्री दुबैले अहिलेसम्म विचार पुर्याएको देखिएको छैन ।

देशको संविधानप्रति प्रधानमन्त्री वालेन्द्रको वितृष्णा स्पष्ट देखिन थालेको छ । सडकका मानिस भन्न थालेका छन्- यो संविधान त राम्रै लागेको थियो । तर, यो हाम्रा लागि गतिलो संविधान रहेनछ । यसले नेतातन्त्रको बिकास गऱ्यो । तर, जनताका लागि बिश्वसनीय काम गरेन । राजनीति गर्नेहरूको संरक्षणमा भ्रष्टाचार बढ्यो । देशमा चलेका बिकास आयोजना पारदर्शी भएनन् । कृषि उब्जनी र औद्योगिक गतिविधि बढाउन किसानहरूलाई प्रोत्साहित गरिएन । जलस्रोतको धनी भनेर चिनिएको देशमा जलशक्तिको ब्यवसायिक विकास भएन । नेपाली जन-जीवनको सबै क्षेत्रमा पर-निर्भरता बढदै गयो । देश र जनताका लागि अत्यन्त प्रतिकूल अवस्थाको सिर्जना भयो । कामको खोजीमा बिदेश जानेको लर्को बढन थाल्यो । हाम्रा दलका मुख्य नेताहरु नै निर्लज्जताका साथ जनशक्तिलाई विदेश निर्यात गर्ने गुमास्ता सावित हुन पुगे । उनीहरु देश र जनताप्रति जिम्मेवार भएनन् । राजनीति गर्ने मानिस आफूलाई जनताका सेवक होइन, शासक हौं भन्ने दम्भमा रमाउन थाले । दुर्भाग्यवशः प्रधानमन्त्री वालेन्द्रको ब्यवहारमा पनि यो दम्भ देखिएको छ । उनको चरित्र पनि फरक देखिएको छैन ।

परिवर्तनपछि नेपाली राजनीतिमा आएका नेताहरूको अनुहार र ब्यबहारमा देश बनाउने कल्पनाशील शैली कहिले पनि परिलक्षित हुन सकेको छैन । नेताहरूको आवाजमा विकासका स्वरहरु गुन्जिए पनि जनताले ती आवाज लक्ष्यतिर बढ्न थालेको देख्न पाएका छैनन् । अहिले देश संघीय गणतन्त्रमा रूपान्तरित भइसकेको छ । र पनि, नेताहरूमा परिवर्तनको चाहना देखिएको त छ, तर त्यो चाहनामा हुटहुटी छैन । प्रधानमन्त्री जो भए पनि, उनीहरु सत्ताको खेलमा रमाएका छन् । देशका नेताहरु जनताप्रति बिबेकशून्य देखिएका छन् । उनीहरु न कल्पनाशील छन्, न उनीहरूमा कुनै ब्यबहार कुशल ज्ञान नै देखिएको छ । सौम्य र शान्त पहाडका चुचुराहरूमा 'टावर' बनाएर आफूलाई अग्लो सावित गर्ने होडमा लागेका छन्, नेताहरु । राजनीतिक दलका शीर्ष भनिने नेताहरूले जनताको मत जितेका छन्, मन जित्न सकेका छैनन् ।

अहिले प्रधानमन्त्री वालेन्द्रका वरिपरि रहेका बिव्दानहरु संविधान पुनरावलोकन प्रस्तावको तयारीमा लागेको सूचनाहरु आइरहेका छन् । वालेन्द्र र उनका सहयोगीहरूले यो देशमा चल्दै आएको परिवर्तनको नियमित चक्रब्यूहको ध्यान राखेर संविधान संशोधनको तयारी गर्न थालेको हुनुपर्छ । २०६२ को परिवर्तनपछि २०७२ मा संघीय गणतन्त्र नेपालको 'समावेशी' संविधान बन्यो । तर, संबिधानको आत्मा नभएको बिचार ब्यक्त गरेका थिए, संविधानविद्हरूले । संविधानका बारेमा अहिले पनि संविधानविदहरूले छलफल गर्न छाडेका छैनन् । तर, संविधानको लेखाइ मात्रै राम्रो भएर पुग्दैन । यसको प्रयोग कसरी हुन्छ ? त्यसैमा धेरै विषय निर्भर हुन्छ ।

आगामी दिनमा संविधानको आत्मा जगाउने हो भने सबभन्दा पहिले दलका शीर्ष नेताहरूलाई ब्यबहारिक राजनीतिको प्रशिक्षण दिनुपर्ने छ । तर, धेरै नेताले उमेरको हद पार गरिसकेका छन । संविधानको पुनरावलोकन गर्दा नेताहरूको उमेरको पनि हेक्का राख्नुपर्ने हुन्छ । २००७ सालको क्रान्तिपछिको समयमा हाम्रा नेताहरूले देशका लागि जति पनि संघर्ष गरेका थिए, त्यसको मूल्य ब्याजसहित असूल गरीसकेका छन् । संविधानको गल्ती गनेर मात्रै देशमा परिवर्तन आउने होइन । परिवर्तनका लागि सबभन्दा पहिले समाजको चाहना बुझ्नु पर्छ । राजनीतिमा अहिले सक्रिय रहेका र अव आउने दिनमा राजनीतिमा लाग्ने नेताहरूले नेपाली समाजलाई संवैधानिक अधिकारको प्र्रयोगका सम्बन्धमा विशेष ध्यान दिनुपर्छ । त्यसो भयो भने, देश अलिकति सहज अवस्थामा पुग्ने आशा गर्न सकिन्छ ।




रास्वपाको अधिवेशनमा नेपाली कांग्रेसका नेता गगन थापाले कांग्रेसलाई रास्वपाको दुश्मन होइन, प्रतिस्पर्ध्दी हो भनेका छन् । कांग्रेस अहिलेकै अवस्थामा विभाजित रहने हो भने नेता थापाको यो भनाइले खास कुनै अर्थ राख्दैन । राजनीतिमा प्रतिस्पर्ध्दाले दुश्मनीको रूप लिन धेरै समय लाग्दैन । यो कुराको ज्ञान नेता थापालाई भइसकेको हुनुपर्छ । राजनीतिलाई पेशाको रूपमा ग्रहण गर्ने परिपाटीले संगठनलाई ध्वस्त पार्छ । राजनीतिक सफलताका लागि कार्यकारी र न्याय प्रणालीका सूत्र समात्नु सजिलो होला । तर, त्यो प्रबृत्तिले राजनीतिलाई ध्वस्त पार्दछ ।

संसद्मा वहुमत प्राप्त पार्टीले देश विकासका लागि आमूल परिवर्तनको कार्यक्रम ल्याउन खोज्नु अस्वाभाविक होइन । रास्वपाले अहिले वहुमत मात्रै पाएको होइन । यसले नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी लगायतका दलहरु र तिनका नेताहरूलाई नराम्रोसंग झस्काएको हुनुपर्छ । यतातिर, कांग्रेसका प्रभावशाली नेताहरूले ध्यान दिएको देखिएको छैन । चुनावको मुखैमा आएर विशेष अधिवेशनको रंगमन्च सजाउने भूमिकामा देखिएका कांग्रेसका नेता गगन थापा यतिखेर छक्क परेका होलान् । समय र परिस्थितिको बिश्लेषण गर्न नसक्दा कांग्रेस चुनावमा निकै पछि पऱ्यो । अहिले उनले यो कुरा पक्कै अनूभूत गरेका होलान्- राजनीतिमा लोकप्रिय हुनु सजिलो छ । तर, विवेकपूर्ण निर्णय लिनु कठिन छ । आजको समयमा राजनीतिको आधार बनेको हुन्छ- शक्ति । त्यस्तो शक्तिले राजालाई रंक र रंकलाई राजाको रूपमा स्थापित गरेका उदाहरण एक होइन, अनेक छन् ।

यतिबेलाको विश्व राजनीति बीस बर्षअघिको जस्तो छैन । साना र अविकसित देशहरु चाहेर-नचाहेर अनेकौ झमेलामा अल्झिएका छन । हाम्रो आफ्नै सन्दर्भमा हेर्दा जेन-जी आन्दोलनका क्रममा सक्रिय रहेका अनेकन संस्था र ती संस्थासंग जोडिएका अनेकन ब्यक्तित्वको चर्चाले हाम्रो सामाजिक, राजनीतिक र कूटनीतिक अवस्थाको गहन परिचय दिन्छ । हामी आफ्ना राष्ट्रिय र आन्तरिक स्वार्थहरूका बारेमा सोच्न नसक्ने अवस्थामा पुगेका छौं । त्यसबाहेक, हाम्रो मनमा आन्तरिक व्दन्व्दका खतराहरु पनि माडारिएका छन् । हाम्रा राजनीतिक दलहरु आन्तरिक कलहमा फँसेका छन् । यो अवस्थामा हाम्रो राष्ट्रिय सुरक्षा प्रणाली र राजनीतिक नेतृत्वका बीच समझदारी हुन सकेन भने देश व्दन्व्दमा फँस्ने पक्का छ । - *कान्तिपुर*



# ब्याज पुँजीकरणमा राष्ट्र बैंक लचक

काठमाडौं । दीर्घकालीन प्रकृतिको कर्जामा परियोजनाको व्यावसायिक सञ्चालन वा उत्पादन भई नगद आप्रवाह नहुँदासम्मको ग्रेस अवधिमा पाकेको ब्याजलाई साँवामा गाभ्न सक्ने (ब्याज पुँजीकरण) व्यवस्था गरिएको छ । केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशन, २०८२ मा संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो ।

यसअघिको व्यवस्थामा जलविद्युत्, सिमेन्ट, औषधि, केबलकार, चिनी, दुग्धजन्य उद्योग, मेडिकल कलेज, तारे होटेल, अस्पताल, दीर्घकालीन कृषि परियोजना र कागज उद्योग गरी जम्मा ११ वटा तोकिएका प्राथमिकताप्राप्त क्षेत्रलाई आवश्यकता र औचित्यका आधारमा ब्याज पुँजीकरण गर्न पाइने सीमित व्यवस्था थियो । राष्ट्र बैंकले यो क्षेत्रगत बन्देजलाई पूर्ण रूपमा खारेज गरिदिएको छ । अब दीर्घकालीन परियोजना भन्नाले परियोजनाको व्यावसायिक सञ्चालन वा उत्पादन सुरू भई पैसा कमाउन कम्तीमा दुई वर्ष लाग्ने जुनसुकै परियोजनालाई समेटिएको छ ।

पहिला सीमित क्षेत्रमा मात्रै ब्याज पूँजीकरण गर्न पाइन्थ्यो, तर अब बैंकले मूल्याङ्कन गरेर ब्याज पूँजीकरण गर्न पाउने व्यवस्था भएको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए । उनल भने 'दीर्घकालीन परियोजनामा जोखिम विश्लेषण गरेर ब्याज पूँजीकरण हुने भएको छ । यसले कर्जा प्रवाहलाई थप प्रोत्साहन गर्न सक्छ ।'

नयाँ व्यवस्थाले शिथिल बनेको व्यावसायिक क्षेत्रलाई चलायमान बनाउने र ठुला आयोजनाहरूलाई राहत दिने अपेक्षा गरिएको केन्द्रीय बैंकले जनाएको छ । ब्याज पुँजीकरण भनेको कुनै ठुलो आयोजना वा उद्योग निर्माणको क्रममा रहेको र त्यसले पैसा कमाउन नसकेको सुरूवाती अवस्था अर्थात् ग्रेस अवधिमा पाकेको ब्याजलाई गोजीबाट तिर्नुको सट्टा सोही ब्याज रकमलाई पनि ऋणकै रूपमा साँवामा जोडेर ऋणको आकार बढाउने प्रक्रिया हो ।

ब्याज पुँजीकरण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूले अब मनलाग्दी गर्न भने पाउनेछैनन् । यसका लागि बैंकहरूले ब्याज पुँजीकरण गरिने क्षेत्रहरू, परियोजनाको नगदप्रवाहको यथार्थपरक विश्लेषण, पुँजीकृत गरिएको ब्याजको भुक्तानीसम्बन्धी सर्तहरू, प्रस्तावित पुँजी योजना र त्यसको ठोस आधार तथा प्रस्तावित कर्जा–स्वपुँजी अनुपात जस्ता ५ वटा आधारहरू स्पष्ट रूपमा समावेश गरी अनिवार्य रूपमा कार्यविधि बनाई लागू गर्नुपर्नेछ । साथै, ब्याज पुँजीकरण गर्ने अन्तिम निर्णय सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाटै पारित भएको हुनुपर्ने व्यवस्था गरिएको छ । यदि कुनै आयोजनाले पहिले तय गरिएको ग्रेस अवधिभित्र काम नसकेर पुनः म्याद थप गरी ब्याज पुँजीकरण गराएमा त्यस्तो ऋणलाई पुनर्संरचना गरिएको कर्जा मानिनेछ । यसरी कर्जा वर्गीकरण भएपछि बैंकले सम्भावित जोखिमका लागि न्यूनतम २५ प्रतिशत रकम कर्जा नोक्सानी व्यवस्थाका रूपमा सुरक्षित राख्नुपर्नेछ । जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भई बिजुली उत्पादन सुरू भइसकेको, तर नेपाल विद्युत् प्राधिकरण वा सम्बन्धित निकायले प्रसारणलाइन निर्माण नगरिदिएका कारण पूर्ण क्षमतामा चल्न नसकेका आयोजनाको हकमा भने राष्ट्र बैंक लचिलो बनेको छ । प्रसारणलाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रूपमा साँवामा गाभ्न पाइनेछ र त्यस्तो कर्जालाई पुनरर्संरचना मानेर २५ प्रतिशत प्रोभिजनिङ गर्नुपर्नेछैन ।

बाढी, पहिरो, भूकम्पजस्ता प्राकृतिक प्रकोप वा हुलदंगालगायतका ऋणीको काबुबाहिरको परिस्थितिजन्य कारणले परियोजना सञ्चालन गर्न नसकिने गरी क्षति पुगेको अवस्थामा राष्ट्र बैंकले नयाँ जीवन दिने नीति ल्याएको छ । यदि त्यस्तो व्यवसाय पुनः सञ्चालन गर्न कम्तीमा दुई वर्षभन्दा बढी समय लाग्ने भएमा, त्यस्ता कर्जाको भाखा नाघेको सम्पूर्ण साँवा तथा ब्याज असुल भई बैंकले नयाँ ग्रेस अवधि प्रदान गरेमा सो अवधिमा पाकेको ब्याज पनि पुँजीकरण गर्न पाइनेछ । यस्तो कर्जालाई पुनर्संरचना गरेको त मानिनेछ तर बैंकहरूले सुरक्षित राख्नुपर्ने रकम न्यूनतम १२.५ प्रतिशत मात्र कायम गरे पुग्नेछ, जसले गर्दा बैंकहरूलाई यस्ता संकटग्रस्त उद्योगलाई पुनः कर्जाप्रवाह गर्न प्रोत्साहन मिल्नेछ ।

राष्ट्र बैंकले नयाँ आयोजनालाई सहज बनाए पनि खराब र पुराना ऋणीहरूले यसको फाइदा उठाएर खेलबाड नगरून् भनी कडा सर्त राखेको छ । जसअनुसार पहिले नै पुनर्संरचना वा पुनर्तालिकीकरण भइसकेका कर्जाको भाखा नाघेको ब्याजलाई कुनै पनि हालतमा पुँजीकरण गर्न पाइनेछैन ।

छुट अवधिको ब्याजलाई पुँजीकरण गर्दा बैंकहरूले उक्त पुँजीकृत ब्याज रकमलाई आइसिटिएल शीर्षकमा छुट्टै खाता खोलेर लेखांकन गर्नुपर्नेछ । यसरी, छुट्टै खातामा रहेको ब्याज ऋणको भुक्तानी अवधि कति राख्ने भन्ने कुरा आयोजनाको वास्तविक नगदप्रवाह विश्लेषण गरेर सम्बन्धित बैंक तथा वित्तीय संस्था आफैँले तोक्न सक्ने गरी राष्ट्र बैंकले यो निर्देशन जारी गरेको छ ।

# चक्रपथ दोस्रो खण्डको प्रारम्भिक डिपिआरमा नेपालले दियो सहमति

काठमाडौं । चीनले तयार गरेको चक्रपथ दोस्रो खण्डको स्तरोन्नतिसम्बन्धी प्रारम्भिक विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा नेपालले सहमति प्रदान गरेको छ । चीनले डिपिआरमा आवश्यक छलफल गर्न सडक विभाग तथा परियोजनाका कर्मचारीहरू चीन पुगेर सोमबार फर्किएका छन् । त्यस क्रममा विभागका टोलीले प्रारम्भिक डिपिआरमा सहमति प्रदान गरेका हुन् । चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले यसको डिपिआर बनाएको थियो । नेपालले सहमति प्रदान गरेसँगै अब उक्त कम्पनीले चीन सरकारलाई डिपिआर पेस गर्नेछ । साथै, डिपिआरमा सहमति प्रदान गर्दा नेपालले दिएको सुझावलाई समेत समावेश गर्नेछ । त्यसपछि चीन सरकारले डिपिआरलाई स्वीकृति गरेर निर्माणका लागि ठेकेदार छनोट प्रक्रिया अघि बढाउनेछ । चीनको प्राविधिक तथा आर्थिक सहयोगमा चक्रपथको ८.२ किमि लामो कलंकी-वसुन्धारा खण्ड स्तरोन्नति हुँदै छ । चीनले यसमा ५६ करोड ६० लाख चिनियाँ युआन अर्थात् झन्डै ११ अर्ब नेपाली रूपैयाँ खर्च गर्दै छ । तसर्थ, यसमा चीन आफैँले ठेकेदार कम्पनी छनोट गरेर निर्माणका लागि परिचालन गर्नेछ । यसमा चीनले सम्पूर्ण करसमेत छुट पाउँदै छ । काम सम्पन्न भएपछि चीनले नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्नेछ । निर्माण सुरू भएका चार वर्षमा काम सकिने अनुमान गरिएको छ ।

सडक विभागका एक उच्च अधिकारीले प्रारम्भिक डिपिआरमा सहमति प्रदान गरिएको बताए । 'चीनकै निमन्त्रणामा विभागको टोली चीन पुगेर आइसकेको छ । त्यस क्रममा उहाँहरूले प्रारम्भिक डिपिआरमा हस्ताक्षर गर्नुभएको छ । यद्यपि, केही प्रस्ताव पनि पेस गर्नुभएको छ,' स्रोतले भन्यो, 'यद्यपि, करिब-करिब यही नै अन्तिम डिपिआर हो । तर, चीन सरकारले स्वीकृति नगरिसकेको हुनाले अहिलेलाई प्रारम्भिक डिपिआर भनिएको छ । अब चिनियाँ परामर्शदाता कम्पनीले नेपालबाट सहमति प्राप्त भएको भन्ने टिप्पणीसहित डिपिआर त्यहाँको सम्बन्धित मन्त्रालयलाई पेस गर्नेछ । त्यसपछि चीनले त्यो स्वीकृति गरेर त्यसकै आधारमा बिड डकुमेन्ट तयार गरेर टेन्डर आह्वान गर्नेछ । त्यसपछि ठेकेदार कम्पनी छनोट गरेर निर्माणका लागि नेपाल पठाउनेछ ।' विभाग स्रोतका अनुसार अब डिपिआरका सम्बन्धमा नेपालले थप सहमति दिनुपर्नेछैन । तर, नेपालले प्रस्ताव गरेअनुसार डिपिआर संशोधन भएमा भने त्यो आवश्यक हुन सक्ने स्रोतको भनाइ छ ।

नेपालले चिनियाँ पक्षलाई यो बर्खापछि निर्माण कार्य सुरू गर्ने प्रस्ताव गरेको छ । बर्खा सिजनका कारण असोजसम्म काम गर्न मिल्दैन । त्यस अवधिमा डिपिआरलाई अन्तिम रूप दिने, ठेकेदार छनोट गर्नेलगायतका प्रक्रिया पूरा गरेर बर्खापछि काम गर्न प्रस्ताव गरिएको छ । त्यसमा चिनियाँ पक्ष सकारात्मक देखिएको स्रोतको भनाइ छ । चीनले सकेसम्म बर्खालगत्तै काम सुरू गर्ने जवाफ दिएको भ्रमणमा उपस्थित एक अधिकारीले बताए ।

'हामीले बर्खापछि काम गर्न प्रस्ताव गरेका छौँ । त्यसमा चिनियाँ पक्षले हुन्छ, प्रयास गर्छौँ भन्नुभएको छ,' स्रोतले भन्यो, 'सकेसम्म छिट्टै काम गर्ने योजनामा चिनियाँ पक्ष छन् ।' यता सरकारले पनि आगामी आवमा यस परियोजनाको निर्माण सुरू गर्ने भनेर बजेटमै घोषणा गरेको छ । आगामी आवदेखि यसको निर्माण सुरू हुनेमा सडक विभागका अधिकारीहरू पनि आशावादी छन् ।

चीनले बनाएको डिपिआरअनुसार माछापोखरी चोकमा करिब सात सय मिटर लामो फ्लाई ओभर निर्माण हुनेछ । चक्रपथको पश्चिम दिशाबाट माछापोखरी चोक हुँदै त्रिशूली (उत्तर)तर्फ आवतजावत गर्ने सवारीसाधनका लागि फ्लाई ओभर निर्माण गरिनेछ । अहिले ग्वार्कोमा भनिने गरिएको फ्लाई ओभर प्राविधिक रूपमा 'ओभर पास' हो, जहाँ माटोलगायतका पदार्थबाट जमिनमाथि उठाएर पुल बनाइएको छ । तर, माछापोखरी चोकमा भने पिल्लर नै उठाएर फ्लाई ओभर निर्माण गरिनेछ । यस्तै, दोस्रो खण्डमा चारवटा यात्रु हिंड्ने आकासेपुल बन्नेछन् । यसैगरी, विभिन्न ठाउँमा अन्डरपास तथा ओभर पाससमेत बनाउने गरी चीनले डिपिआर तयार गरेको छ । चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना सात वर्षदेखि अलपत्र थियो ।

पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडकखण्ड विस्तार गर्न चीन र नेपालबिच अनुदान सम्झौता भएको थियो । त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो । त्यसपछि गत १६ वैशाखमा द्विपक्षीय कार्यान्वयन सम्झौता भएको थियो । अब डिपिआरले अन्तिम रूप पाएपछि चीनले ठेकेदार कम्पनी छनोट गरेर काममा परिचालन गर्नेछ । त्यसको चार वर्षमा काम सकिने अनुमान छ ।

चीनकै अनुदानमा सन् १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो । त्यसलाई चीनकै अनुदानमा विस्तार गर्ने गरी पहिले नै द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार चीनले पहिलो चरणमा चक्रपथको कोटेश्वर-सातदोबाटो-एकान्तकुना-कलंकी खण्डको विस्तार गर्ने काम ०७५ मै सम्पन्न गरिसकेको छ । त्यसलगत्तै दोस्रो खण्ड विस्तार गर्ने गरी २०७५ मै नेपाल र चीनबिच सम्झौता भएको थियो । त्यसको निर्माण सुरू गर्न ढिलाइ भएको थियो । सम्झौता भएको सात वर्षपछि निर्माण सुरू हुने संकेत देखिएको छ ।

## खेलकुद

# विश्वकपमा रोनाल्डोले बनाए नयाँ कीर्तिमान



पोर्चुगलका स्टार क्रिस्टियानो रोनाल्डोले विश्वकप फुटबलमा नयाँ कीर्तिमान बनाएका छन्। ६ वटा विश्वकपमा गोल गर्ने उनी पहिलो खेलाडी बनेका छन्।

जारी विश्वकपअन्तर्गत मंगलबारको खेलमा उज्वेकिस्तानविरूद्ध गोल गरेर उनले यो रेकर्ड बनाएका हुन्। अर्जेटिनी स्टार लियोनल मेसीले ६ वटा विश्वकप खेले पनि सन् २०१० मा भने उनले एउटै गोल गरेका थिएनन्। रोनाल्डोले सन् २००६ यताका सबै विश्वकपमा गोल गरेका छन्। यद्यपि, विश्वकपमा सर्वाधिक गोलकर्ताको कीर्तिमान मेसीको नाममा छ। यो विश्वकपमा मात्र उनले पाँच गोल गरिसकेका छन्।

मेसी र रोनाल्डोले सन् २००६ देखिका ६ वटा विश्वकप खेलेका छन्। ६ वटा विश्वकप खेल्ने उनीहरु मात्र दुई खेलाडी हुन्। मेसीले विश्वकपमा १८ गोल गरेका छन् भने रोनाल्डोको नाममा १० गोल छ।

# मेसी बने विश्वकपकै सर्वाधिक गोलकर्ता




चालू विश्वकपअन्तर्गत सोमबार राति डालास रंगशालामा अस्ट्रियाविरूद्धको खेलमा गोल गर्दै उनले १८ गोल पुऱ्याए ।

अर्जेन्टिनी कप्तान लियोनल मेसी विश्वकप फुटबल प्रतियोगिताकै सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन् । चालू विश्वकपअन्तर्गत सोमबार राति डालास रंगशालामा अस्ट्रियाविरूद्धको खेलमा गोल गर्दै उनले १८ गोल पुऱ्याएका छन् ।

खेलको ३८औं मिनेटमा उनले मेडिनाको क्रसमा गोल गर्दै विश्वकीर्तिमान राखे । मेसीले यो सफलता २८ खेलबाट हात पारेका हुन् । उनले जर्मनीका मिरोस्लाभ क्लोजलाई पछि पारेका छन् । यसअघि अल्जेरियाविरूद्ध ह्याट्रिक गर्दै मेसीले क्लोजको १६ गोलको रेकर्ड बराबरी गरेका थिए ।

# मोड्रिचले पूरा गरे दुई सय अन्तर्राष्ट्रिय खेल

क्रोएसियाली कप्तान लुका मोड्रिचले अन्तर्राष्ट्रिय फुटबलमा दुई सय खेल संख्या पूरा गरेका छन् । विश्व फुटबलमा यो उपलिब्ध हात पार्ने मोड्रिच चौथो खेलाडी हुन् । मोड्रिचले अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गरिरहेको विश्वकपअन्तर्गत समूह 'एल'मा बुधबार बिहान पानामाविरूद्धको खेलमा आफ्नो दुई सय अन्तर्राष्ट्रिय खेल खेलेका थिए ।

क्रोएसियाका लागि उनले सन् २००६ मा राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए । दुई दशक लगातार क्रोएसियाली टोलीका प्रमुख खेलाडी बनेका उनले अन्तर्राष्ट्रिय करिअरमा २९ गोल गरेका छन् । यसपटक पनि क्रोएसियाले उनकै कप्तानीमा विश्वकप खेलिरहेको छ । पानामाथिको जितले क्रोएसियाले नकआउट चरण पुग्ने सम्भावना बलियो बनाएको छ । पहिलो खेलमा इंग्ल्यान्डसँग ४-२ ले पराजित भएको थियो । क्रोएसियाका लागि एक मात्र निर्णायक गोल अन्टे बुदिमिरले गरेका थिए ।

उनी खेलको दोस्रो हाफमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका थिए । विश्व फुटबलमा पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले राष्ट्रिय टोलीबाट सबैभन्दा बढी २३० खेल खेलेका छन् । त्यसपछि कुवेतका अल मतावा र अर्जेन्टिनी कप्तान लियोनल मेसीले संयुक्त रूपमा २०१ खेल खेलेका छन् । मेसीले पनि यसै विश्वकपमा आफ्नो दुई सय अन्तर्राष्ट्रिय खेल पूरा गरेका थिए । अल्जेरियाविरूद्धको खेलमा ह्याट्रिक गरेका उनको दुई सय अन्तर्राष्ट्रिय खेल पूरा भएको थियो ।

मोड्रिचले क्रोएसियाको उमेर समूहदेखि प्रतिनिधित्व गर्दै आइरहेका छन् । सन् २००६ मा उनले जापानविरूद्ध डेब्यु गरेका थिए । उनले सन् २००६ मै इटालीसँगको मैत्रीपूर्ण खेलमा पहिलो अन्तर्राष्ट्रिय गोल गरे । मोड्रिचको यो पाँचौं विश्वकप यात्रा हो । फुटबल करिअरमा उनले क्रोएसियाबाट विभिन्न १० फरक मेजर अन्तर्राष्ट्रिय खेल खेलेका छन् ।

Abhiyan weekly_2083_Ashar_12.indd 6 6/25/2026 4:19:17 PM

कर्पोरेट

## जेसिबी खरिदमा ग्लोबलमार्फत ८० प्रतिशतसम्म फाइनान्स सुविधा

निर्माण तथा पूर्वाधार क्षेत्रमा आवश्यक आधुनिक उपकरणको वित्तीय पहुँचलाई सहज बनाउने उद्देश्यले ग्लोबल आइएमई बैंक र एमएडब्लू अर्थमुभर्स प्रालिबिच समझदारी भएको छ । समझदारीपत्रमा बैंकका तर्फबाट आइएमई तथा रिटेल बैंकिङ प्रमुख नरहरि सिलवाल र एमएडब्लूका एफ एन्ड आर प्रमुख सज्जयदेव यादवले हस्ताक्षर गरेका हुन् ।

यस सहकार्यअन्तर्गत जेसिबी निर्माण उपकरण खरिद गर्न इच्छुक ग्राहकले ग्लोबल आइएमईका शाखामार्फत विशेष हायर पर्चेज कर्जा सुविधा प्राप्त गर्न सक्नेछन् । बैंकले नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार लागू हुने लोन टु भ्यालु अनुपातका आधारमा अधिकतम ८० प्रतिशतसम्म वित्तीय सुविधा उपलब्ध गराउनेछ । ग्राहकलाई छिटो सेवा प्रदान गर्न आवश्यक कागजात तथा प्रक्रिया पूरा भएको एक सातामित्र डेलिभरी अर्डर जारी गरिने बताइएको छ । यसअन्तर्गत जेसिबी उपकरणका लागि अधिकतम पाँच वर्षसम्मको कर्जा अवधि उपलब्ध हुने बैंकले जनाएको छ ।

यस सहकार्यले निर्माण व्यवसायी, ठेकेदार तथा उद्यमीलाई उपकरण खरिदका लागि सहज वित्तीय पहुँच प्रदान गर्दै प्रक्रिया छरितो बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ । सहज कर्जा सुविधा र प्रतिस्पर्धी वित्तीय व्यवस्थाले साना तथा मझौला व्यवसायीलाई समेत आधुनिक जेसिबी उपकरणमा लगानी गरी व्यवसाय विस्तार गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

## एनआइसीद्वारा विद्यार्थीलाई पोसाक वितरण

एनआइसी एसिया बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ललितपुरको भट्टेडाँडास्थित श्री सातकन्या आधारभूत विद्यालयका विद्यार्थीलाई विद्यालय पोसाक प्रदान गरेको छ । बैंकले विद्यार्थीको पठनपाठनलाई सहज बनाउन तथा विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग गरेको जनाएको छ ।

हाल उक्त विद्यालयमा एक सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । बैंकका प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य र नायब प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द दाहाल तथा प्रधानाध्यापक रामप्रसाद घिमिरेलाई पोसाक हस्तान्तरण गरेका हुन् ।

अरनिको एल्मुनाई एसोसिएसनको सहजीकरणमा सम्पन्न कार्यक्रममा शिक्षक, विद्यार्थी तथा बैंकका कर्मचारीको उपस्थिति रहेको थियो । यो सहयोगले विद्यार्थीको शैक्षिक गतिविधिमा सहजता पुग्ने अपेक्षा गरिएको छ ।

## एसबिआई बैंकले मनायो अन्तर्राष्ट्रिय योग दिवस

नेपाल एसबिआई बैंकले अन्तर्राष्ट्रिय योग दिवस मनाएको छ । बैंकले सातै प्रदेशमा योग कार्यक्रम गरी योग दिवस मनाएको छ । कार्यक्रममा बैंकका सबै प्रदेशका कर्मचारीले सहभागिता जनाएका थिए । कार्यक्रमको मुख्य उद्देश्य शारीरिक तन्दुरुस्ती, मानसिक स्वास्थ्य तथा दैनिक जीवनमा योगको महत्वबारे सचेतना अभिवृद्धि गर्नु रहेको बैंकले जनाएको छ ।

कार्यक्रमले कर्मचारीलाई क्रियाशील, आपसी सहकार्य र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने अवसर प्रदान गरेको बताइएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीलगायत अन्य वरिष्ठ पदाधिकारी तथा डेढ सयभन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो ।

यस किसिमको पहलबाट कर्मचारीको मानसिक स्वास्थ्य, शारीरिक तन्दुरुस्ती तथा उत्पादकत्व बढाउन प्रोत्साहन गर्नुका साथै सकारात्मक र जीवन्त कार्यस्थल संस्कृतिमा योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ । बैंकका एक सय तीन शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, २१ शाखारहित बैंकिङ, एक सय २७ एटिएम कार्यालय सञ्चालनमा छन् ।

## एनआइसीको हकप्रद बिक्री प्रबन्धकमा एनआइएमबि एस

एनआइसी एसिया बैंक लिमिटेडले हकप्रद सेयर निष्कासन गर्ने भएको छ । बैंकले हकप्रद सेयर निष्कासन गर्नका लागि एनआइएमबि एस क्यापिटल लिमिटेडलाई निष्कासक तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ । निष्कासन तथा बिक्री प्रबन्धकसम्बन्धी सम्झौतापत्रमा बैंकका प्रमुख वित्तीय अधिकृत स्थेश लुईटेल र एनआइएमबि एसका नायब प्रमुख कार्यकारी अधिकृत सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका हुन् । बैंकले हाल कायम चुक्ता पुँजी १४ अर्ब ९१ करोड ७५ लाख ६६ हजार नौ सय २२ रुपैयाँबराबरको प्रतिकित्ता एक सय रुपैयाँका दरले २:१ अनुपातमा सात करोड ४५ लाख ८७ हजार आठ सय ३५ कित्ता हकप्रद सेयर निष्कासन गर्नेछ ।

हकप्रदबाट प्राप्त हुने रकम बैंकको पुँजी संरचना सुदृढ बनाउन, पुँजी पर्याप्तता अनुपात थप मजबुत बनाउन तथा बैंकको दीर्घकालीन व्यावसायिक विस्तार एवं रणनीतिक योजना कार्यान्वयन गर्न उपयोग गर्ने योजना रहेको बताइएको छ ।

## नेपाल बैंक र इन्द्रप्रस्थ अपोलोबिच छुट सम्झौता

नेपाल बैंक लिमिटेडका ग्राहक तथा कर्मचारीले भारतको नयाँदिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालमा उपचार गर्दा विशेष छुट पाउने भएका छन् । यस सम्बन्धमा बैंक र इन्द्रप्रस्थ अपोलो अस्पतालबिच सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले र अस्पतालका तर्फबाट उपप्रबन्धक विपिन शर्माले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार यस बैंकमा खाता रहेका ग्राहक तथा बैंकका कर्मचारीले अस्पतालले प्रदान गर्ने विभिन्न स्वास्थ्य सेवामा १० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् । बैंकका अनुसार उक्त सम्झौताबाट नेपाल बैंकका ग्राहक तथा कर्मचारीले इन्द्रप्रस्थ अपोलो अस्पतालले उपलब्ध गराउने उच्चस्तरीय स्वास्थ्य सेवामा सहुलियतसहित पहुँच प्राप्त गर्नेछन् ।

हाल यस बैंकले देशभरका दुई सय ३१ शाखा, दुई ४६ एटिएम तथा ६१ एक्सटेन्सन काउन्टरमार्फत ग्राहकलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

## सानिमा रिलायन्सलाई 'कर्पोरेट लाइफ इन्स्योरेन्स अफ द इयर' अवार्ड

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड '१८औँ कर्पोरेट बिजनेस समिट एन्ड अवार्ड २०२६' अन्तर्गत 'कर्पोरेट लाइफ इन्स्योरेन्स अफ द इयर २०२६' अवार्डबाट सम्मानित भएको छ ।

कर्पोरेट मिडिया ग्रुपद्वारा आयोजित कार्यक्रममा निजी क्षेत्र, बैंकिङ, बिमा, उद्योग, स्वास्थ्य, ऊर्जा तथा उद्यमशीलता क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो । जीवन बिमा क्षेत्रमा पुऱ्याएको योगदान, नवीन सेवाको विकास तथा ग्राहकप्रतिको प्रतिबद्धताका आधारमा कम्पनीलाई उक्त अवार्ड प्रदान गरिएको हो । कार्यक्रममा नेपालको आर्थिक विकास तथा समृद्धिमा योगदान पुऱ्याएका विभिन्न क्षेत्रका व्यक्ति तथा संस्थालाई सम्मान तथा अवार्ड प्रदान गरिएको थियो । आयोजकका अनुसार 'कर्पोरेट एक्सिलेन्स अवार्ड २०२६' अन्तर्गत १२ वटा तथा 'बैंकिङ, इन्स्योरेन्स एन्ड फाइनान्स अवार्ड'अन्तर्गत ६ संस्थालाई सम्मानित गरिएको छ ।

## हेटौंडामा नेपाल बैंकको नवनिर्मित भवन उद्घाटन

बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका- ४ स्थित नेपाल बैंक लिमिटेडको नवनिर्मित भवन उद्घाटन गरिएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नवनिर्मित भवन आइतबार उद्घाटन गरेका हुन् । अर्थमन्त्री डा. वाग्लेले नेपालको पहिलो बैंकका रूपमा नेपाल बैंकको आफ्नै गौरवमय इतिहास रहेको र आफ्नै भवनबाट अत्याधुनिक गुणस्तरीय बैंकिङ सेवा प्रवाह गर्न लागेकोप्रति खुसी व्यक्त गरे ।

यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले अबको युग डिजिटल बैंकिङको युग भएको कुरालाई आत्मसात् गर्दै बैंकले अत्याधुनिक डिजिटल बैंकिङ तथा सेवा-सुविधामार्फत गाहकवर्गलाई थप प्रभावकारी सेवा प्रवाह गर्न बैंक प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वसन्तराज अधिकारी, हेटौंडा उपमहानगरपालिका प्रमुख (मेयर) श्रीमती मीनाकुमारी लामा, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, बैंकको प्रमुख वित्त अधिकृत दीपेन्द्रराज काफ्लेलगायतको उपस्थिति थियो । यस बैंकका देशभर दुई सय ३१ शाखा, दुई सय ४६ एटिएमका साथै ६१ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन् ।

## एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल

एनआइसी एसिया बैंकले लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ । बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ । यसका लागि ग्राहक महानुभावले लिलाम बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन् ।

## वर्ल्डलिंकले पायो ए प्लस रेटिङ

इन्टरनेट सेवाप्रदायक वर्ल्डलिंक कम्युनिकेसन्सको क्रेडिट रेटिङ स्तरोन्नति भएको छ । रेटिङ कम्पनी केयर रेटिङ नेपालले कम्पनीलाई दीर्घकालीन बैंक कर्जाका लागि 'केयर एनपी ए' बाट 'केयर एनपी ए प्लस' तथा अल्पकालीन बैंक कर्जाका लागि 'केयर एनपी ए प्लस'बाट 'केयर एनपी ए-१' रेटिङ प्रदान गरेको हो । कम्पनीले कुल दुई अर्ब ७६ करोड १० लाख रूपैयाँबराबरको कर्जाका लागि रेटिङ गराएको थियो, जसमा १ अर्ब १ करोड १० लाख रूपैयाँ दीर्घकालीन र १ अर्ब ७५ करोड रूपैयाँ अल्पकालीन कर्जा छ । केयर रेटिङ्सका अनुसार वर्ल्डलिंकको वित्तीय प्रदर्शनमा आएको निरन्तर सुधारको कारण रेटिङ स्तरोन्नति गरिएको हो ।

## रोयल इनफिल्डद्वारा विश्व मोटरसाइकल दिवसमा भैरहवा-लुम्बिनी राइड सम्पन्न

नेपालका लागि आधिकारिक वितरक अल्फा अटोमोटिभ प्रालिअन्तर्गतको प्रिमियम मोटरसाइकल ब्रान्ड रोयल इनफिल्डले विश्व मोटरसाइकल दिवसको अवसरमा भैरहवाबाट लुम्बिनीसम्म विशेष समूह राइड कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा १२५ भन्दा बढी रोयल इनफिल्ड राइडरहरूको उत्साहजनक सहभागिता रहेको थियो। रोयल इनफिल्ड भैरहवाबाट सुरु भएको राइड लुम्बिनी पुगेर विभिन्न मनोरञ्जनात्मक तथा सचेतनामूलक गतिविधिसहित सम्पन्न भएको थियो। कार्यक्रममा सुरक्षित र जिम्मेवार मोटरसाइकल चलाउने संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यसम्बन्धी ज्ञान आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

यसका साथै सहभागीहरूका लागि विभिन्न खेलकुद गतिविधि, फोटोसुट तथा भिडियोसुट, क्लब मिटअप, स्विमिङ, सांगीतिक प्रस्तुति (कन्सर्ट) तथा गाला डिनर कार्यक्रमको समेत व्यवस्था गरिएको थियो। कार्यक्रममा सहभागी राइडरहरूले आपसी सम्बन्ध सुदृढ गर्नुका साथै जिम्मेवार र सुरक्षित राइडिङ संस्कृतिको प्रवर्द्धनमा आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए।

## मास्के र लामिछाने 'एससिएसएमएफ स्पोर्टस् अवार्ड'बाट सम्मानित

नेपाली खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका दुई खेलाडीलाई 'एससिएसएमएफ स्पोर्टस् अवार्ड २०२६' प्रदान गरिएको छ । शरदचन्द्र शाह मेमोरियल फाउन्डेसन (एससिएसएमएफ)ले नेपाली बक्सिङका वरिष्ठ खेलाडी तथा ओलम्पियन उमेश मास्के र क्रिकेटर सन्दीप लामिछानेलाई सम्मान गरेको हो । खेलकुदमा पुरानो र नयाँ पुस्ताको योगदानलाई कदर गर्ने उद्देश्यले मास्के र लामिछानेलाई सम्मान गरिएको बताइएको छ ।

मास्केले सन् १९८० को मस्को ओलम्पिक र १९८४ को लस एन्जलस ओलम्पिकमा नेपालको प्रतिनिधित्व गरेका थिए । सक्रिय खेलजीवनपछि पनि बक्सिङ खेलको प्रवर्द्धन र विकासमा उनले निरन्तर योगदान पुऱ्याउँदै आएका छन् ।

यस्तै, लामिछाने आइपिएल खेल्ने पहिलो नेपाली खेलाडी हुन् । उनले हालै एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) क्रिकेटमा सबैभन्दा छिटो २०० विकेट पूरा गर्ने खेलाडीको विश्व कीर्तिमान कायम गर्न सफल भएका छन् । पुरस्कारस्वरूप दुवैलाई जनही २ लाख ५० हजार रूपैयाँ नगद र कदरपत्र प्रदान गरिएको फाउन्डेसनले जनाएको छ ।

## लक्ष्मी ग्रुपको सहकार्यमा बोस्चको ब्रान्ड स्टोर सञ्चालन

विश्वप्रसिद्ध जर्मन होम अप्लायन्स ब्रान्ड बिएसएच होम अप्लायन्सेस प्रालिले नेपालमा आफ्नो पहिलो बोस्च ब्रान्ड स्टोर सञ्चालनमा ल्याएको छ । कम्पनीले व्यावसायिक घराना लक्ष्मी ग्रुपसँगको सहकार्यमा ललितपुरको जावलाखेलमा स्टोर सञ्चालनमा ल्याएको हो ।

लक्ष्मी ग्रुपका अनुसार, नयाँ स्टोरमा रेफ्रिजेरेटर, वासिङ मेसिन, डिसवासर, फुड प्रिपरेसन उपकरण तथा बिल्ट-इन किचन समाधानसहितका प्रिमियम उत्पादन प्रदर्शन गरिएका छन् । कम्पनीले यसमार्फत जर्मन इन्जिनियरिङ र अत्याधुनिक प्रविधिलाई नेपाली उपभोक्तासम्म प्रत्यक्ष रूपमा पुऱ्याउने लक्ष्य राखेको जनाएको छ । कम्पनीले विशेषगरी फ्रन्ट-लोड वासिङ मेसिन, डिशवाशर तथा बिल्ट-इन किचन उपकरणलाई नेपाली बजारका प्रमुख सम्भावनायुक्त उत्पादनका रूपमा लिएको छ । नेपालमा फ्रन्ट-लोड वासिङ मेसिनले कुल लन्ड्री उपकरण बिक्रीको ७० देखि ८० प्रतिशत हिस्सा ओगट्ने गरेको कम्पनीको दाबी छ । यसले नेपाललाई यो क्षेत्रकै बलियो फ्रन्ट-लोड बजारमध्ये एक बनाएको बताइएको छ ।

बदलिँदो जीवनशैली र समय बचत गर्ने उपकरणप्रतिको सचेतनाका कारण डिसवासरको माग पनि क्रमशः बढिरहेको कम्पनीले जनाएको छ । यी उपकरणले उत्कृष्ट स्वच्छता र सफाइ परिणाम प्रदान गर्नुका साथै घरपरिवारलाई समय, पानी र ऊर्जाजस्ता महत्वपूर्ण स्रोत बचत गर्न मद्दत गर्ने बताइएको छ । बिल्ट-इन किचन समाधानको बढ्दो मागलाई लक्षित गर्दै कम्पनीले ओभन, हब तथा हुडजस्ता उत्पादनहरूलाई पनि प्राथमिकतामा राखेको छ । आधुनिक डिजाइन र उन्नत सेन्सर प्रविधिसहितका यी उत्पादनले प्रिमियम आवास र मोड्युलर किचन संस्कृतिलाई टेवा पुऱ्याउने विश्वास कम्पनीको छ । लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठले विश्वस्तरीय प्रविधि र गुणस्तरीय उत्पादन नेपाली उपभोक्तामाझ पुऱ्याउने आफ्नो दीर्घकालीन प्रतिबद्धताअन्तर्गत बोस्चसँगको सहकार्य थप मजबुत बनाइएको बताए ।

## भक्तपुरमा बर्डफ्लू पुष्टि, ४८ हजारभन्दा बढी कुखुरा नष्ट

भक्तपुर जिल्लाका विभिन्न कुखुरा फार्ममा बर्डफ्लू संक्रमण पुष्टि भएपछि ४८ हजारभन्दा बढी कुखुरा नष्ट गरिएको छ। पशु सेवा कार्यालय भक्तपुरका पशु चिकित्सक डा. अमिक श्रेष्ठका अनुसार चाँगुनारायण नगरपालिकाका वडा नं. २, ८ र ९ मा रहेका कुखुरा फार्ममा बर्डफ्लू देखिएपछि ३८ हजार ७९५ वटा कुखुरा नष्ट गरिएको छ। त्यसैगरी, सूर्यविनायक नगरपालिकाका वडा नं. १, ४ र ८ मा रहेका फार्ममा पनि संक्रमण पुष्टि भएपछि नौ हजार ३७८ वटा कुखुरा नष्ट गरिएको उनले जानकारी दिए। डा. श्रेष्ठका अनुसार संक्रमण फैलिन नदिन बर्डफ्लू पुष्टि भएका फार्मका सबै कुखुरा नष्ट गरिएको हो। हालसम्म जिल्लाभर कुल ४८ हजार १७३ वटा कुखुरा नष्ट गरिएको कार्यालयले जनाएको छ।

## धादिङका किसानलाई 'कृषि एम्बुलेन्स'

धादिङको नीलकण्ठ नगरपालिका- ८ मा रहेको आँकुरा कृषि तथा पशुपक्षी सहकारी संस्था लिमिटेडले 'कृषि एम्बुलेन्स' सञ्चालनमा ल्याएको छ। कृषिजन्य उत्पादन संकलन तथा बिक्री-वितरणमा सहज बनाउन सहकारीले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो।

कृषकले उत्पादन गरेका कृषि तथा पशुजन्य उत्पादनको सहज संकलन तथा बजारीकरणका लागि 'कृषि एम्बुलेन्स' सञ्चालनमा ल्याइएको आँकुरा कृषि तथा पशुपक्षी सहकारीका अध्यक्ष शम्भु श्रेष्ठले बताए। 'कृषि एम्बुलेन्स' खरिदमा ३२ लाख खर्च भएको छ। कृषि एम्बुलेन्ससँगै एउटा स्कुटर पनि लिएका छौं,' उनले भने, 'नौ लाख रूपैयाँ एक्सन नेपाल र हेफर इन्टरनेसनलको सहयोग रहेको छ भने करिब २३ लाख रूपैयाँ सहकारीले व्यहोरेको हो।' आँकुरा कृषि तथा पशुपक्षी सहकारी संस्था लिमिटेडले सुरु गरेको कृषि एम्बुलेन्सले धादिङको कृषि तथा पशुपालनले फड्को मार्ने नीलकण्ठ नगरपालिका- ८ का वडाध्यक्ष एवं नीलकण्ठ नगरपालिकाका प्रवक्ता प्रकाशकुमार श्रेष्ठले बताए।

## प्रदेश सभा...

एक पटक जनताले दिएको मत सँधै भरिका लागि हुन सक्दैन । प्रधानमन्त्री बालेन साहले रास्वपाको महाधिवेशनमा नै हामीहरूले बाढी ल्याएर खोला फर्काएका हौँ भन्ने अभिव्यक्ति दिएका छन् । के त्यो बाढी भनेको भाद्र २३ गतेको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्य हो ? विध्वसात्मक कार्यलाई खोला फर्काएर बाढी ल्याएको भन्न सकिँदैन । भाद्र २३ गतेको विरोध प्रदर्शनमा पानी बाँडन आएको बताउने सुधन गुरूङको हैसियत त्यसबेला के थियो ? भाद्र २३ गतेको विरोध प्रदर्शनमा दिनको १२ पछि विरोध प्रदर्शनको नेतृत्व गुरूङले गरेपछि भीडलाई किन नियन्त्रण भन्दा बाहिर पठाइयो के प्रधानमन्त्री साहले बाढी ल्याएर खोला फर्काएको भनेको त्यही हो ?

रास्वपा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको पक्षमा रहेको सभापति लामिछानेको उद्घोष गरेको भएपनि त्यसमा समेत विवाद देखिन्छ । रास्वपाले प्रदेशसभा खारेज गर्ने, स्थानीय तहको हालको ७५३ लाई एक तिहाईको रूपमा घटाउने जस्तो विवादास्पद अभिव्यक्ति दिएको छ । प्रधानमन्त्री साहले आफ्नो पहिलो भाषणमा जनकपुरमा पुगेर प्रदेशहरूलाई बलियो बनाउने र अब मधेश प्रदेशका जनताले काठमाडौमा अधिकार माग्न होइन पशुपतिनाथको दर्शन गर्नमात्र जानुपर्ने बताएका थिए । अहिले साह नै बरिष्ठ नेता रहेको रास्वपाको दस्तावेजमा प्रदेशसभा खारेज गर्ने उल्लेख गरिएको छ भने स्थानीय तहको संख्या घटाउने उल्लेख गरिएकोले रास्वपाले जनतालाई भुक्याउनकै लागि मात्र त्यस्ता शब्द प्रयोग गरेको जस्तो देखिएको छ । एकातिर सरकारको खर्च कटौती गर्ने निर्णय बालेन सरकारले गरेको छ भने अर्कोतर्फ संघीय मन्त्रीहरूको सचिवालयमा सचिवसहका सल्लाहकार ३ देखि ५ जना राख्न पाउने ति पनि सचिव सरहका हुने, उपसचिव, प्रमुख स्वकिय, सचिव, स्वकीय सचिव अधिकृत, समन्वय अधिकृत, सञ्चारविज्ञ, नायबसुब्बा, सहायकस्तर, नायकसुब्बा, हल्का सवारी चालक २ जना र कार्यालय सहयोगी १ जना गरी प्रत्येक मन्त्रीले आफूखुसी ९ जना कर्मचारी भर्ना गर्न पाउने मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ । एकातिर खर्च घटाउने उद्घोष गर्ने र अर्कोतर्फ स्थायी सरकार भनिने कर्मचारीतन्त्रलाई पन्छाएर ९-९ जना व्यक्तिलाई मन्त्रीको सचिवालयमा नियुक्त गर्ने निर्णय गर्नु आफैँमा विवादास्पद रहेको छ । मन्त्रीका सल्लाहकार भनेका सम्बन्धित मन्त्रालयका सचिव र सहसचिवहरु हुन् । उनीहरूलाई अविश्वस गरेर ३ देखि ५ जना सचिव सरहका सल्लाहकार राख्न पाउने निर्णय मन्त्रिपरिषद् बैठकबाटै गर्नु अर्को लज्जास्पद र विवादास्पद कार्य हो ।

गत वैशाख २ गतेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको भएपनि त्यसलाई गोप्य राखिएको थियो । सरकारका प्रवक्ताले त्यस विषयमा जानकारी गराएका छैनन्/थिएनन् । तर अब सल्लाहकार ५७ र १५३ जना स्वकीय सचिवालयमा नियुक्ति गर्न पाउने भएपछि मनत्रीहरूले आफूखुसी नियुक्ति गर्न थालेका छन् । त्यसले सरकारको खर्चमात्र बढ्दैन । सरकारी कर्मचारीहरूलाई अविश्वास गरेकाले सरकारी कर्मचारीहरूको मनोबलमा गिर्ने निश्चित जस्तै भएको छ । जनताबाट अनुमोदिन भएर आएका सरकारले स्थायी सरकार भनिने कर्मचारीतन्त्रलाई विश्वासमा लिएर अघि बढ्नुपर्नेमा कर्मचारीहरूलाई विश्वास गर्न नसक्नुले मन्त्री र कर्मचारीहरूबीचको सम्बन्ध विग्रने सम्भवना बढी हुन्छ । प्रधानमन्त्री साहले दिने निर्देशनहरु समेत कानुन भन्दा बाहिर गएर दिने गरेका हुनाले स्थायी सरकार भनिने कर्मचारीतन्त्र नै ध्वस्त हुने सम्भावना बढेर जाने निश्चित जस्तै भएको कर्मचारीहरूले गुनासो गर्न गरेका छन् तर सुन्ने कसले ?

## आफू जे छु...

लोकतन्त्र, कानुनी शासन, समावेशी, सामाजिक न्यायलगायतका विषयमा रास्वपालाई आग्रह गरेका थिए । नेकपा एमालेका नेता झवालीले न्यायालय, राष्ट्रपति कार्यालय, संसद र आलोचनाको स्वर कमजोर भयो भने अपारदर्शिता भयो भन्ने जनमत नरहनु सक्छ तपाईहरूले गरेका बाचासँगै मेल नखाने कतिपय घटनाहरु भएका छन् भन्दै लोकतन्त्र सुरक्षित छ भन्ने अनुभूति जनतालाई गराउनुहोस् भन्ने सन्देश दिएका थिए । प्राय सबै नेताहरूले संविधान बाहिर गएर कुनै कदम नचाल्न आग्रह गर्दै संविधान अनुसार राज्य सञ्चालन हुनुपर्नेमा जोड दिएका थिए ।

महाधिवेशनलाई सम्बोधन गर्दै पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन साहले भने केही विवादास्पद अभिव्यक्ति दिएका थिए उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीहरूलाई ५ घण्टा होइन ५ वर्षसम्मै सोधपुछ गर्न सकिन्छ भन्दै सम्वैधानिक आयोगलाई आफ्नो नियन्त्रणमा राख्ने कुतर्क समेत गरेका थिए । सो अवसरमा पार्टी सभापति लामिछानेले भने सन्तुलिन विचार राखेका भएपनि प्रधानमन्त्री साहले दिएका अभिव्यक्रिहरु भने विवादको घेरामा पर्ने निश्चित जस्तै रहेको छ ।

प्रधानमन्त्री साहले संसदमा सांसदहरूका प्रश्नको उत्तर दिन इन्कार गरेका भएपनि महाधिवेशनमा भने केही बताएका भएपनि उनी विवादुक्त भने हुन सकेनन् । आफ्ना कमी कमजोरीलाई सच्चाउँदै जाने अभिव्यक्ति दिनुको बदला अख्तियार दुरूपयोग अनुसन्धान आयोगबारे दिएको अभिव्यक्ति शक्ति पृथकीकरणको सिद्धान्त र मर्मलाई बोक्न सकेको देखिएन । अन्य नेताहरूले दिएका अभिव्यक्ति स्वीकार गर्न सकिने भएपनि केही नेताहरु प्रधानमन्त्री सहितकाले आफू जे छु त्यही ठीक छु भन्ने खालका अभिव्यक्ति दिएकाले भविष्यमा लोकतन्त्र र शक्ति पृथकीकरणका सिद्धान्तमाथि नै प्रहार हुन सक्ने सम्भावना रहेको छ ।

## फिफाले...

नेपालको राष्ट्रिय पुरूष तथा महिला फुटबल टोलीले कुनै पनि किसिमका अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल तथा आधिकारिक प्रतियोगिताहरूमा सहभागिता जनाउन पाउने छैनन् ।

## नक्कली बाढी...

नेतृत्वमो संविधान संशोधनको बहसपत्र तयार गर्न लागिएको छ । के रास्वपा र बालेन सरकारले एक्लै संविधान संशोधन गर्न सक्छ अहिलेको जटिल प्रश्न भनेको यहि हो ।

यसभन्दा अघि पनि एउटै राजनीतिक दलले बहुमत ल्याएर एकलौटी सरकार निर्माण गरेका थिए तर कुनै पनि सरकारले पूरा अविधि सरकार सञ्चालन गर्न सकेनन् । तत्कालिन माओवादी केन्द्रले समेत अहिले रास्वपाको जस्तै मत पाएको थियो तर अहिले उसको अवस्था कस्तो रहेको छ त्यसको हेक्का रास्वपालाई हुनुपर्ने होइन र ? कांग्रेसले दुई/दुई पटक बहुमत पाएर सरकार निर्माण गरेको थियो तर कांग्रेसकै कारण सरकार ढलेको इतिहास साक्षी रहेको छ ।

अहिले रास्वपाले विगतबाट पाठ सिकेर सबै दलको सहयोग र समर्थनमा अघि बढ्नुको बदला हामीले बाढी ल्याएर खोला फर्काएको है खोला एक ठाउँबाट हिडेपछि अर्को ठाउँमा जाँदैन भन्दै प्रधानमन्त्री बालेन साह उफ्रिरहेका छन् । खोला भनेको जतिपनि जान सकछ, पानीको बेग रोक्न सकिँदैन भन्ने उदाहरण काठमाडौको मनोहरालाई हेरे पुग्छ ।

बहुमतको दम्भमा बालेन सरकार गठन भएकै दिन पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरियो तर उनीहरूलाई पक्राउ गर्नुको कारण बालेन सरकारले दिन सकेन त्यसै कारण उनीहरु रिहा भए । अहिले फेरी नेकपा एमालेका नेता एवं ६ पटक सम्म मन्त्री भभैसकेका एमालेका उपाध्यक्ष विष्णु पौडेललाई अपमानजनक ढँगले पक्राउ गरिएको छ । प्रधानमन्त्री बालेन साहले पौडेललाई २ घण्टाभित्रमा पक्राउ गर्न प्रहरीलाई आदेश दिएका थिए रे ? पार्टीको कार्यक्रममा सहभागि भएका पौडेललाई असार ७ गते सुर्खेतबाट फत्क्राउ गरियो ।

विपक्षी दलका नेताहरूलाई पक्राउ गर्नु भन्दा पहिला उनीहरूलाई अनुसन्धान गर्नुपर्नेमा पहिला पक्राउ गर्ने अनि अनुसन्धान गर्ने कार्यलाई बालेन सरकारले तीव्रता दिएको छ । त्यतिमात्र होइन सम्वैधानिक निकायका पदाधिकारीहरूलाई अपमानजनक ढँगले व्यवहार गरिएको छ । सरकार भनेको सम्पूर्ण नेपाली जनताको अभिभावक हुनुपर्नेमा बालेन सरकार रास्वपा र भाद्र २३ र २४ गतेको घटना गराउनु सहयोग गर्नेहरूको जस्तो मात्र देखिएकोले यो सरकार लामो समयसम्म टिक्न नसक्ने प्रायः निश्चित जस्तै रहेको छ त्यो पनि आफ्नै कारणले ।

## बाढी ल्याएर...

जेनजीहरूको विरोध प्रदर्शनमा नेपाली सेना र नेपाल प्रहरीले सुरक्षा दिनु नससकेकै कारण बाढी आएको हो । त्यही बाढीलाई हतियार बनाएर रास्वपाले झण्डै दुई तिहाई मत बटुलेको मात्र हो । अहिले जनताले रास्वपाका विरूद्ध आन्दोलन गरिरहेका छन् । रास्वपा नेतृत्वको बालेन सरकारले विपक्षी दलका नेता तथा कार्यकर्ताहरूमाथि मात्र प्रहार गरेको छैन उसले सुकुम्बासीहरूलाई उठिबास लगाएको छ । सुकुम्बासी बस्तीमा डोजर चलाउनु अघि वास्तविक सुमुम्बासी को हुन् को होइनन् भन्ने छुट्याउनुपर्नेमा त्यसो गरेको देखिएन ।

सुकुम्बासीहरूलाई १५ दिन भित्रमा आवश्यक व्यवस्था गरिसक्ने बताइएको भएपनि आजसम्म कुनै व्यवस्था गरिएको छैन भनेर अहिले बालेन सरकारले सुकुम्बासीहरूलाई १ वर्षभित्रमा व्यवस्था गरिसक्ने उद्घोष गरेको छ । बालेन सरकारले सुकुम्बासीलाई मात्र प्रहार गरेको छैन । विपक्षी दलका नेता तथा कार्यकर्ताहरु, सञ्चारजगत् कर्मचारीतन्त्र, विश्व विद्यालय, शिक्षण संस्था लगायतका विभिन्न क्षेत्रमा हस्तक्षेप गर्दै अघि बढ्ने प्रयास गरिरहेको छ । बालेन साह नेतृत्वको सरकारले सञ्चार क्षेत्रमा एक प्रकारको आतंक नै मच्चाएको छ । निजी क्षेत्रका सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने परिपत्रर नै जारी गरेर निजी क्षेत्रका सञ्चार माध्यमलाई बन्द गराउने नियोजित षड्यन्त्र गरी रहेको छ । सरकारी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन एकलौटी रूपमा उपलब्ध गराएर सरकारी सञ्चार माध्यमलाई आफ्नो गुणगान गाउने माध्यमका रूपमा प्रयोग गर्ने प्रयास सुरू भएको छ । प्रधानमन्त्री बालेनले नै बाढी ल्याएर खोला फर्काएको भन्नुले भाद्र २३ गते र २४ गतेको विध्वसात्मक घटनामा संलग्न रहेका रास्वपाका नेता तथा कार्यकर्ताहरूलाई बाढी ल्याउँन सहयोग गरेको र त्यही बाढीबाटै आफू निर्वाचित भई प्रधानमन्त्री बन्न सफल भएको हुँ भनेर भन्नु भएको होइन र ? यदि होइन भने बाढी ल्याएर खोला फर्काएको भन्नुको अर्थ के ?

## बाढीले ल्याएको...

के हुन सक्छ ? जेनजीहरूको विरोध प्रदर्शन भाद्र २३ र २४ गतेको विध्वसात्मक घटनालाई साहले बाढी ल्याएर खोला फर्काएको अर्थ लगाएको हुन सक्छ । यदि त्यही अर्थ हो भने भोली अन्यले पनि त्यस्तै बाढी ल्याएर खोला फर्काउन सक्छन् । पानी परेपछि खोलामा बाढी आउँछ तर कसैले बाढी ल्याउँछु भनेर भनेपनि बाढी ल्याउन सक्ने अवस्था रहँदैन । विद्रोह र विध्वसात्मक काम नगरेसम्म । तकालिन माओवादीले पनि त्यसबेला अब हामी २५ औँ वर्षसम्म सरकार सञ्चालन गर्दछौँ भन्ने गरेको थियो तर छोटो समयमै उसको पतन भयो । एक पटक जनताले भय र डरले गर्दा मतदान गरे भन्दैमा त्यो टिकाऊ हुन सक्दैन भन्ने प्रमाण त अहिलेको नेपाल कम्युनिष्ट पार्टीलाई हेरे नै थाहा हुन्छ ।

मुलुकमा पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमालेले समेत कुनै बेला त्यस्तै अभिव्यक्ति दिने गरेका थिए तर आज उनीहरूका अवस्था कस्तो भयो त्यसको हेक्का प्रधानमन्त्री साहलाई भएकै हुनुपर्दछ । रास्वपाका सभापति रवि लामिछानेले महाधिवेशनमा दिएको अभिव्यक्तिलाई सबैले सकारात्मक लिएका छन् । फागुन २१ मा भएको निर्वाचनमा नेपाली जनताले रास्वपाले राजा ल्याउँछ भनेर रास्वपालाई मत दिएको मतदाताले बताएका थिए । राप्रपाका समर्थकहरूले समेत रास्वपाका उम्मेदवारहरूलाई मतदान गरेका थिए ।

उनीहरूलाई रास्वपाले राजा ल्याउँछ भन्ने विश्वास थियो । तर अब त्यो विश्वास तोडिएको छ । रास्वपाले गणतन्त्रमा प्रतिवद्ध भएको उद्घोष गरेपछि रास्वपालाई मतदान गर्ने जनता अहिले निराश भएका मात्र छैनन् हामीहरूलाई भुक्याइयो भन्न थालेका छन् । त्यही कारणले गर्दा प्रधानमन्त्री बालेन साहले भने जस्तो बाढी ल्याएर खोला फर्काएका भन्नु आफैँमा रहस्यमय बन्दै गएको छ । खोला फर्किँदैन भन्ने किन काठमाडौ उपत्यकाकाकै खोलाहरूले पहिलाको बाटो छोडेर अन्यन्त्र गए त ? प्रधानमन्त्री ज्यू त्यसको हेक्का तपाईललाई होस् । एकपटकको मत सँधैभरीलाई होइन, हुन सक्दैन ।

## बालेन सरकार...

पानी बाँड्ने आएको बताउने हालका गृहमन्त्री सुधन गुरूङले नै भाद्र २३ गते विरोध प्रदर्शन गर्ने भनेर काठमाडौ जिल्ला प्रशासनमा अनुमति लिएको भएपनि उनले आफू पानी बाँड्न मात्र आएको कुनै संगठन वा दलको नेता नभएको सार्वजनिक रूपमै अभिव्यक्ति दिएका थिए । त्यहीबाट षड्यन्त्र सुरू भएको अहिले प्रष्ट हुँदै आएको छ ।

बालेन सरकारले सपथ लिएकै दिन पूर्व प्रधानमन्त्री र पूर्व गृहमन्त्री क्रमश केपी ओली र रमेश लेखकलाई पक्राउ गर्ने निर्णय मन्त्रिपरिषद्को पहिलो बैठकले नै गऱ्यो । ओली लेखक पक्राउ परे । त्यही दिनदेखि षड्यन्त्रलाई सफलता मानिन थालियो । भाद्र २३ गतेको घटना एकै दिनमा गराइएको होइन भन्ने तथ्यहरु सार्वजनिक भएका छन् । भाद्र २४ गते मुलुकभरकै हिसात्मक कार्य भए । २३ गते काठमाडौ र इटहरीमा गरी प्रहरीको गोली लागे (क्रमश १९ र २ जनाको निधन भएको थियो भने बाँकी रहेका अन्य सबै व्यक्तिहरु २४ गतेको आगजनी र तोडफोडमा निधन भएका थिए । तत्कालिन सुशिला कार्की सरकारले जम्मा ४५ जनालाई मात्र सहिद घोषणा गरेको छ भने सरकारले जम्मा ७६ जनाको निधन भएको बताउँदै आएको भएपनि ३१ जनाको थिए भनेर सरकारले अहिलेसम्म सम्पूर्ण विवरण सार्वजनिक गर्न सकेको छैन ।

पछिल्लो समयमा बालेन सरकार आफ्नो असफलता लुकाउनका लागि विभिन्न षड्यन्त्रमा लागेको जस्तो देखिएको छ । संसदप्रति प्रधानमन्त्री जिम्मेवार रहेका छैनन् भने बहुमतको दम्भमा परेर सम्वैधानिक निकायका पदाधिकारीहरूलाई प्रधानमन्त्री कार्यालयमै बोलाएर सरकारको अङ्ग जस्तो व्यवहार सम्वैधानिक निकायका पदाधिकारीहरूलाई गरिरहेका हुनाले बालेन सरकार संविधानप्रति जिम्मेवार नभएको प्रष्ट हुँदै गएको छ ।

संसदबाटै प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री संसदप्रति जिम्मेवार नहुनु र संसदलाई वेवास्ता गर्दै अघि बढ्न खोज्नुले मुलुकमा अर्को दुर्घटना हुन सक्ने सम्भावना समेत देखिन थालेको छ । संसद बोलाएर अचानक स्थगित गर्न अनि त्यही बेला अध्यादेश ल्याएर आफ्नो स्वार्थ पूरा गर्न खोज्नुले बालेन सरकार संसदप्रति उत्तरदायी नभएको प्रष्ट भएकाले मुलुक फेरी अर्को दुर्घटनामा पर्न सक्ने चिन्ता राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् ।

प्रधानमन्त्रीले नै संसदको रोष्ट्रममा उभिएर नेपालले भारतको जमिन मिचेको अभिव्यक्ति दिएर प्रधानमन्त्री बालेनले के भन्नु खोजेको हुन् अब त्यसको जवाफ उनले दिनुपर्दछ । आजसम्म भारतले नेपालले भारतको जमिन मिचेको आरोप कहिल्यै लगाउन सकेको थिएन । तर नेपालकै प्रधानमन्त्रीले भारतको जमिन मिचेको छ भन्ने त्यो पनि संसदबाटै त्यसैले गर्दा प्रधानमन्त्री साह र उनकै नेतृत्वको सरकार अनि उनको पार्टी देश र जनताप्रति जिम्मेवार छैन भनेर प्रष्ट हुँदै गएको जस्तो देखिएको छ । सावधान हामी नेपाली जनता !

## सरकारी गाडी...

गाडी प्रधानमन्त्रीको सचिवालयमा पुऱ्याइएको छ । महानिर्देशक रूपमा कृष्ण पौडेल हाजिर हुनु अघि नै सचिवालयमा लागिएको सो गाडी अहिले रातो नम्वर प्लेट ४५३४ मा फेरिएको र पौडेललाई थोत्रो गाडी दिइएको स्रोतले बताएको छ । पछिल्लो समयमा मन्त्रीको अधिकांश सल्लाहकारहरूले रातो नम्वरका गाडीहरु प्रयोग गर्न थालेका छन् ।

भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनपछि अहिले यो विकृत्ति अझ बढेको बताइएको छ । अनुसन्धान अधिकृतहरूलाई गोपनीयताका लागि सरकारी गाडीमा रातो नम्वर राखेर प्रयोग गर्न दिनु सामान्य भएपनि यातायात ऐन विपरित प्रधानमन्त्री र मन्त्रीका सचिवालयबाटै गाडीको दुरूपयोग बढेको भएपनि सरकारले वास्ता गरेको देखिँदैन । बालेन साह काठमाडौको मेयर हुँदा सहयोगी रहेका विवेक मिश्र देखि कलाकार अर्जुन घिमिरे (पाँडे) समेतले रोजी रोजी सरकारी गाडी चढेका छन् ।

गृह मन्त्रालयले ५४ वटा गाडी जगेडामा राखेको छ भने जेम्स कार्कीले चालेक सहितको गाडी प्रयोग गरिरहेको सूत्रले दाबी गरेको छ । भौतिक पूर्वाधार मन्त्रीका स्वकीय सचिव प्रतिक श्रेष्ठ र विवेक बास्तोला, कानूनमन्त्रीका स्वकीय सचिव प्रकृत्ति नेउपाने, शिक्षा मन्त्रीका स्वकीय सचिव आरजु लोहनी, अर्थ मन्त्रीका स्वकीय सचिव नविन ढुँगाना, उर्जामन्त्रीका स्वकीय सचिव सज्जीव महर्जनले पनि यस्तो सुविधा पाएका छन् । यसरी सरकारी गाडीको दुरूपयोग हुँदा सम्म सरकार मौन रहनुले सरकारी सम्पत्तिको लुट कहिलेसम्म भन्ने प्रश्न उठेको छ ।


**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं ।**

- वर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोवास भएकाहरू विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क विन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौ,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार

Abhiyan weekly_2083_Ashar_12.indd 8 6/25/2026 4:19:18 PM